# नयाँ गरी
# कसरी जन्मने
# HOW TO BE BORN AGAIN

Bill Subritzky

# नयाँ गरी कसरी जन्मने

HOW TO BE BORN AGAIN

Bill Subritzky

**Good News Publisher**

Kathmandu, Nepal

**HOW TO BE BORN AGAIN**

© Copyright 1992 by
Dove Ministries Ltd.
PO Box 48036
Blockhouse Bay
Auckland 1230
New Zealand

Translated into Nepali
Originally published in English under the title
HOW TO BE BORN AGAIN

Translated and published in Nepali language by:
Good News Publisher
PO Box 1083, Kathmandu, Nepal
EM: tla@wlink.com.np
goodnewspublisher@yahoo.com
NP/06/3M/RK
3000/2006

# विषय सूची


| | | |
|---|---|---|
| १. | नयाँ गरी जन्मनुको अर्थ के हुन्छ ? ... ... ... ... ... | ७ |
| २. | म नयाँ गरी जन्मनु किन आवश्यक छ ? ... ... ... ... ... | १४ |
| ३. | नयाँ गरी जन्मनुबारे केही सामान्य प्रश्नहरू ... ... ... ... | १६ |
| ४. | नयाँ गरी जन्मनमा अवरोधहरू ... ... ... ... ... ... | २७ |
| ५. | आफू नयाँ गरी जन्मनु आवश्यक छ भनी मैले कसरी बुझ्ने ? ... ... | ३५ |
| ६. | म कसरी नयाँ गरी जन्मन सक्छु ?... ... ... ... ... ... | ४१ |
| ७. | नयाँ गरी जन्मनुको परिणाम ... ... ... ... ... ... | ५२ |
| ८. | विश्वासीहरूसँग संगति ... ... ... ... ... ... ... | ५७ |
| ९. | विशवास गर्नुको आनन्द ... ... ... ... ... ... ... | ६० |
| १०. | हाम्रा जीवनमा अरू परिवर्तित पक्षहरू ... ... ... ... ... | ६४ |
| ११. | नयाँ गरी जन्मेको क्रिश्चियनका चिन्हहरू ... ... ... ... | ७१ |

# १
# नयाँ गरी जन्मनुको अर्थ के हुन्छ ?

**१. यसको अर्थ परमेश्वरसँग मिलापमा हुनु हो**

बाइबलको प्रथम पुस्तक उत्पत्तिमा हामी पढ्छौं, परमेश्वरले पृथ्वी सृष्टि गर्नुभयो, भूमिको माटोबाट मानिस बनाउनुभयो र उसमा जीवनको सास दिनुभयो।

"*तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो र मानिस जीवित प्राणी भए*" (उत्पत्ति २:७)।

यसरी परमेश्वरले आदमलाई बनाउनुभयो र उनलाई अदनको बगैंचामा हेरचाह र गोडमेल गर्न त्यहाँ राखिदिनुभयो।

"*परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोडगाड र हेरचाह गर्न राख्नुभयो*" (उत्पत्ति २:१५)।

परमेश्वरले आदमलाई असल र खराबको ज्ञान दिने रुखबाहेक बगैंचामा भएका अरू सबै रुखका फल खाने अधिकार दिनुभयो।

"*अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैंचाका सबै रुखका फल तैंले सङ्कोच नमानी खाए हुन्छ, तर असल र खराबको ज्ञान दिने रुखको फलचाहिँ नखानू, किनभने जुन दिन तैंले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस्*" (उत्पत्ति २:१६-१७)।

यसपछि हामी पढ्छौं, हव्वा सृजना गरिएकी थिइन्। उनी असल र

खराबको ज्ञान दिने रुखको फल खान सर्पद्वारा  परीक्षामा परिन् । उनले आदमलाई समेत त्यो फल खान प्रोत्साहित गरिन् । यसरी उनले र आदमले परमेश्वरको आज्ञापालन गरेनन् । यसैकारण उहाँले उनीहरूलाई अदनको बगैँचाबाट बाहिर निकालिदिनुभयो ।

***"यसैकारण जुन भूमिबाट उनी बनाइएका थिए, त्यसैको खेतीकिसानी गर्न परमप्रभु परमेश्वरले उनलाई अदनको बगैँचाबाट निकालिदिनुभयो । उहाँले मानिसलाई धपाइदिनुभयो- पछि जीवनको रुखतर्फको बाटो पहरा गर्नलाई उहाँले अदनका बगैँचाको पूर्वपट्टि करुबहरू र चारैतिर घुमिरहने ज्वालामय तरवार राखिदिनुभयो"*** (उत्पत्ति ३:२३-२४) ।

परमेश्वर र मानिस अब अलग्गिएका थिए र त्यस उप्रान्त मानिस परमेश्वरसँग सीधा संगतिमा थिएन । यो घटनापूर्व परमेश्वर अदनको बगैँचामा हिँडडुल गर्नुहुन्थ्यो र आदम र उनकी पत्नीसँग संगति गर्नुहुन्थ्यो । मानिसको अनाज्ञाकारिताका कारण अब उसोदेखि त्यसो हुन सकेन ।

बाइबल हामीलाई भन्छ, हामी सबै आदमकै प्रतिरुपमा छौँ । यसरी मानिसको अनाज्ञाकारिता, अर्थात पापले उसलाई परमेश्वरबाट विमुख गरायो ।

## २. परमेश्वरको जवाफ

परमेश्वरको जवाफ आफ्ना पुत्र येशू ख्रीष्टलाई पठाउनु रहेको छ । उहाँ, अर्थात येशू कुमारीबाट जन्मनुभयो, तैँत्तीस वर्षको उमेरसम्म यस पृथ्वीमा जिउनुभयो । त्यसपछि साढे तीन वर्षको सेवकाई गरेर उहाँ यरुशलेमको नजिकै क्रूसमा टाँगिनुभयो र एउटा क्रूर मृत्यु मर्नुभयो । यस्तो किन भयो ? किनकि हामी सबै पापी हौँ र पापको दण्ड चुकाउनसक्ने एक मात्र उपाय रगतको बगाइबाट हो । क्रूसमा मरेर र रगत बगाउने काम गरेर येशूले हामीलाई परमेश्वरसँग मिलापमा हुने

योग्य तुल्याउनुभयो । उहाँले परमेश्वर र मानिसबीचको खाडल पुर्नुभयो, ताकि हामी परमेश्वरसँग  मिलापमा हुनसकौँ ।

**३. हामीले के गर्नुपर्दछ येशू बताउनुहुन्छ**

फरिसीहरूमध्ये निकोदेमस नाउँ भएका एकजना मानिस थिए । उनी यहूदीहरूका शासक थिए र उनी राती येशूकहाँ आए । उनले भने, *"गुरुज्यू, हामी जान्दछौँ तपाईं परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईंले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन ।"*

हामी येशूको यस्तो जवाफ पढ्छौँ,

***"साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन"*** (यूहन्ना ३ः३) ।

निकोदेमसले येशूको भनाइ बुझ्न सकेनन् । उनले भने, *"मानिस बूढो भएपछि कसरी जन्मन सक्छ र ? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ ?"*

***"येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने ऊ परमेश्वरको राज्यमा पस्न सक्दैन । शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो । मैले तिमीलाई नयाँ गरी जन्मनु पर्छ भन्दा अचम्म नमान । बतास जता चाहन्छ उतै बहन्छ । तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ । आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ"*** (यूहन्ना ३ः४-८) ।

येशू एउटा उग्र अनुभवबारे बताइरहनुभएको छ । हामी यस संसारमा जन्मेपछि सबै थोक स्वाभाविक आँखाले देख्छौँ । हाम्रो समझशक्ति पनि स्वाभाविक समझ शक्ति हुन्छ । हामी सबै परमेश्वरका सन्तान हौँ र पनि हामीले पवित्र आत्मा ग्रहण नगरेसम्म हामी उहाँका छोराछोरीहरू हुँदैनौँ । यसैकारण येशूले भन्नुभयो, हामी

पवित्र आत्माबाट जन्मनै पर्दछ। अर्को शब्दमा, पवित्र आत्मा हामीभित्र बास गर्नुहुन्छ।

यो कुरा उहाँको पुनरुत्थानको आइतबार राती येशू ख्रीष्टका चेलाहरूमा भयो। चेलाहरू सबै ढोकाहरू बन्द गरेर एउटा कोठाभित्र भेला भएका थिए, किनकि उनीहरू यहूदीहरूबाट डराए। अनि पुनरुत्थान हुनुभएको येशू अचानक त्यहाँ आउनुभयो र उनीहरूका माझमा खडा भएर भन्नुभयो, ***"तिमीहरूलाई शान्ति।"*** यति भनेर उहाँले तिनीहरूमाथि सास फुक्नुभयो र भन्नुभयो, ***"पवित्र आत्मा लेओ"*** (यूहन्ना २०:२२)।

हामीले यसअघि उत्पत्ति २:७ मा देख्यौँ, भूमिको माटोबाट मानिस बनाइसकेपछि परमेश्वरले उसको नाकमा जीवनको सास फुकिदिनुभयो र मानिस जीवित प्राणी भयो। तैपनि उसले पवित्र आत्मा पाएको थिएन। अब येशू ख्रीष्ट मरेकाहरूबाट जीवित हुनुभएपछि हामी परमेश्वरको आश्चर्यको काम देख्छौँ। उहाँले आफ्ना चेलाहरूमाथि सास फुक्नुभयो र उनीहरूले पवित्र आत्मा प्राप्त गरे।

हामी पछि देख्नेछौँ, आफ्नो पापबाट विमुख भइ परमेश्वरतर्फ फर्कने र पवित्र आत्मा ग्रहण गर्न इच्छा गर्ने कुनै पनि मानिसले उस्तै वरदान प्राप्त गर्नेछ।

येशू ख्रीष्टले पानीद्वारा जन्मनु आवश्यक भएको पनि उल्लेख गर्नुभयो। बाइबल वचनको पानीले धोइनुबारे बोल्दछ। पानी र परमेश्वरको वचन प्रायः एकसाथ बराबरीमा राखिएका छन्। हाम्रो हृदयमा प्रवेश गरिरहेको परमेश्वरको वचनले नै हामीलाई नयाँ जीवन दिन्छ। यसकारण पत्रस यसो भन्न सक्षम भए,

> ***"परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरू नयाँ गरी जन्मेका छौ"*** (१पत्रस १:२३)।

येशू ख्रीष्ट मरेकाहरूबाट जीवित हुनुभएको तथ्यमा हामीले विश्वास गर्नु र नयाँ गरी जन्मनको लागि यसलाई हाम्रा मुखबाट

स्वीकार गर्नु आवश्यक छ। यसैगरी हामी पवित्र आत्मालाई ग्रहण गर्न तत्पर हुनुपर्दछ।

येशूले ***"तिमी नयाँ गरी जन्मनु पर्दछ"*** भन्नुहुँदा उहाँको भनाइको तापर्त्य यो नै हो।

हाम्रो स्वाभाविक मन परमेश्वरविरुद्ध छ । हामी परमेश्वरका व्यवस्थाको अधीनमा नभएको मन लिएर जन्मेका छौं।

> ***"किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो । परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, नता त्यो कहिल्यै हुनसक्छ"*** (रोमी ८:७)।

परमेश्वरले हामीसँग बोल्ने कोसिस गर्नुभएका कुराहरूलाई हाम्रो सांसारिक मनले ग्रहण गर्दैन । किनकि ती हाम्रा निम्ति मूर्खतापूर्ण देखिन्छन्। यसको कारण हो, तिनलाई आत्मिक रीतिले मात्र छुट्याउन सकिन्छ।

> ***"जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन । किनकि ती कुराहरू त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ"*** (१कोरिन्थी २:१४)।

सांसारिक मन परमेश्वरका विरुद्ध हुन्छ र हामी नयाँ गरी नजन्मुञ्जेल हामी परमेश्वरका कुराहरू बुझ्दैनौं। बाइबल हाम्रा लागि रहस्य नै रहिरहन्छ। हामी येशू ख्रीष्टमा नयाँ सृष्टि नहुञ्जेल हामी बाइबल उपयुक्त तवरमा पढ्न सक्दैनौं।

म परिवर्तित हुनुअघिका वर्षहरूलाई राम्ररी सम्झन्छु। म नियमित रुपमा मण्डली जाने भए तापनि बाइबल पढ्नमा मलाई धेरै कठीन हुन्थ्यो। म एउटा पद पढ्थें, त्यसपछि दोस्रो, अनि तेस्रो पद, र मैले पहिलो पदमा पढेको कुरा बिर्सिसक्थें। त्यसरी बाइबलले मेरो लागि कुनै अर्थ नै दिँदैनथ्यो। त्यसमा धेरै विरोधाभासहरू भएका देखिन्थे। यसको

कारण थियो, नयाँ गरी नजन्मेको मनद्वारा म यसलाई पढ्ने कोसिस गरिरहेको थिएँ ।

एक साँझ म हाम्रो जिल्लामा भएका मण्डलीका केही प्रतिनिधिहरूको आयोजित भेलाको हाम्रो घरमा अध्यक्षता गरिरहेको थिएँ । सभाको समाप्तिमा सबैजना मेरो घरबाट नजाउञ्जेलसम्म एक जना पर्खिरहे । त्यसपछि उनले मतिर फर्कँदै यसो भने, "बिल, तपाईं नयाँ गरी नजन्मेसम्म तपाईंले परमेश्वरको वचन कहिल्यै बुझ्नु हुनेछैन ।" मलाई धेरै रीस उठ्यो । म नियमित रुपमा मण्डली जाने व्यक्ति थिएँ, हाम्रो मण्डलीको "कार्यसमिति" (synod) को सदस्य थिएँ, सेवादलको सदस्य (vestryman) थिएँ, हाम्रो विशपको अधिकार क्षेत्रको "स्टिवार्डशिप काउन्सिल" (भण्डारेपनको परिषद) को अध्यक्ष थिएँ, र पनि यहाँ आएर यो मानिस मलाई परमेश्वरको वचन बुझ्नको लागि मैले नयाँ गरी जन्मनु आवश्यक भएको भनिरहेको थियो । अचानक मैले आत्मसात गरेँ र बुझेँ, उनी ठीक थिए । कसरी बाइबल पढ्ने म जान्दिनथेँ, नता म यसलाई राम्ररी बुझ्न सक्थेँ । ती मानिसको वचनको बीउ मेरो हृदयमा रोपियो, र केही वर्षपछि मैले आफूलाई परमेश्वरको सामुन्ने विनित तुल्याएँ, एउटा सानो बालक भएँ र परमेश्वरका आत्माबाट फेरि जन्मेँ । मेरो जीवन नयाँ गरी पूर्ण रुपले परिवर्तित भयो ।

### ४. परमेश्वरको प्रेम र स्वीकारलाई चिन्नु

नयाँ गरी जन्मनुको अर्थ हो, परमेश्वर हामीलाई कति धेरै माया र स्वीकार गर्नुहुन्छ सो बुझ्न हामी सुरु गर्छौं ।

हामीमा कुनै कुराको अभाव छ भने यो आत्मस्वीकार हो । परमेश्वरको प्रेमलाई नबुझेसम्म हामी आफूलाई वास्तविक स्थितिमा वास्तवमा ल्याउन सक्दैनौं । साथै, हामी परमेश्वरका आत्माबाट नयाँ गरी जन्मेपछि र हाम्रा खातिर उहाँको प्रेम र ग्रहणशीलता बुझेपछि मात्र यथार्थमा हामी त्यो स्थितिमा आउन सक्छौं ।

*"यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैँमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्"* (एफिसी १:६)।

आनन्द दिने सत्य के छ भने हामी वास्तवमा जतिसुकै घोर पापी भए तापनि त्यसमा ध्यान नदिइकन येशू हामीमध्ये प्रत्येकको खातिर मर्नुभयो र हामीलाई परमेश्वरमा दिनुभयो। हामी उहाँतर्फ फर्कौं र त्यो ग्रहणशीलतालाई परमेश्वरका आत्माबाट नयाँ गरी जन्मेर ग्रहण गरौँ भनेर मात्र उहाँ प्रतीक्षा गरिरहनुभएको छ।

# २
# म नयाँ गरी जन्मनु किन आवश्यक छ ?

यस संसारको सृष्टिकर्ता हुनुहुन्छ भन्ने ज्ञान हामी सबैका अन्तरात्मामा छ। सारा सृष्टिको पछाडि एउटा सर्वोच्च मन छ भनी स्वीकार नगरिकन हामी प्रकृतिका चमत्कारहरू, सृजनाको सुन्दरता, कामकुराहरूका ढाँचा र व्यवस्थातिर हेर्न सक्दैनौं। ताराहरूको ढाँचा र क्रम, लहरहरूको नियमितता, नियमित रुपमा सूर्य दिनहुँ उदाउनु, चन्द्रमाका घट बढका समयहरूतिर हेर्नुहोस्। फूलहरूको सुन्दरता र कुन किसिमले हाम्रा आफ्नै शरीरहरू रचना गरिएका छन् त्यसतर्फ हेर्नुहोस्। जुन किसिमले हामी सृजना गरिएका छौं, त्यो देखेर चिकित्सकहरू आश्चर्य मान्नबाट कहिल्यै थाक्दैनन्। यस्ता उदाहरणहरू हामी दिइरहन सक्छौं।

हामी सबैमा एक सृष्टिकर्ताको ज्ञान छ।

*"उहाँको अदृश्य गुण, अर्थात उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरूमा छर्लङ्गै देखिएको छ। यसैले यिनीहरूलाई कुनै किसिमको बहाना छैन"* (रोमी १:२०)।

बाइबल हामीलाई भन्छ, हामीसँग कुनै किसिमको बहाना छैन किनकि हामी आफूहरूसँग साँच्चै इमान्दार छौं भने यस संसारको एक सृष्टिकर्ता हुनुहुन्छ भनी हामी पहिचान गर्नेछौं।

हामी यी सृष्टिकर्तासँग संगतिमा नआउञ्जेलसम्म एक मानिसको रुपमा हामी कहिल्यै पूर्ण हुनेछैनौ। यस संसारका रचयिताले आफूलाई आफ्ना पुत्र येशू ख्रीष्टद्वारा प्रकट गर्नुभएको छ। येशू यस पृथ्वीमा हिँडडुल गर्नुभयो, मर्नुभयो, र पुनर्जीवित हुनुभयो, ताकि परमेश्वरसँग हाम्रो मिलाप तथा संगति हुनसकोस्। हामी नयाँ गरी जन्मनु जरुरी छ,

ताकि हामी परमेश्वरसँग साँचो संगतिमा आउनसकौं। अनि हामी परमेश्वरको वचन, हाम्रा जीवनका निम्ति उहाँका योजनाहरू र जीवन स्वयम्को अर्थ बुझ्न सुरू गर्दछौं। हामी सबैभित्र सत्यता जान्ने भोक छ, र हामी हाम्रा समस्त हृदयले उहाँतिर फर्केपछि यो भोक सजिलैसँग मेटिन सक्छ। तथापि, परमेश्वरकहाँ पुग्ने एउटै बाटो छ, र त्यो पुनरुत्थान हुनुभएका उहाँका पुत्र येशू ख्रीष्टद्वारा हो।

***"येशूले तिनलाई भन्नुभयो, "बाटो सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन"*** (यूहन्ना १४:६)।

बुद्ध मरे, कनफ्युसियस मरे, मोहम्मद मरे। येशूझैं उनीहरूमध्ये कसैको पुनरुत्थान भएन। तर मरेकाहरूबाट उहाँको पुनरुत्थान भएपछि येशू पाँच सयभन्दा बढी मानिसहरूद्वारा देखिनुभएको थियो। साथै, हामीसँग उहाँको पुनरुत्थानको बाइबलमा धेरै भरपर्दा प्रत्यक्षदर्शी साक्षीहरूका गवाहीहरू छन्। सबैभन्दा बढी, नयाँ गरी जन्मेका हामीमध्ये सबै हाम्रा जीवनमा पवित्र आत्माको शक्ति बुझ्दछौं। किनकि येशूले हामीलाई सान्त्वना दिने, सहायता गर्ने र बल दिने बनाएर पवित्र आत्मालाई हामीकहाँ पठाउने प्रतिज्ञा गर्नुभयो। तपाईं पनि तपाईंको आफ्नै जीवनमा परमेश्वरको उपस्थिति र पवित्र आत्माले भरिपूर्ण भएको थाहा पाउन सक्नुहुन्छ।

# ३
# नयाँ गरी जन्मनुबारे केही सामान्य प्रश्नहरू

**१. समभ्क शक्तिको उमेरसम्म नपुगेका बालकहरूबारे के हुन्छ ?**

उनीहरू परमेश्वरको सुरक्षामुनि हुन्छन् भनेर येशूले यो कुरो प्रष्ट्याउनुभयो।

*"होसियार रहो, तिमीहरूमध्ये यी सानाहरूमध्ये एक जनालाई पनि हेला नगर । किनभने म तिमीहरूलाई भन्दछु, स्वर्गमा तिनीहरूका दूतहरूले स्वर्गका मेरा पिताको दर्शन सदैव गरिरहन्छन्"* (मत्ती १८:१०)।

कुनै बालक समभ्कदारीको उमेरमा पुगेपछि (र यो हरेक बालकमा फरक हुनसक्छ) यो त्यस बालकको निम्ति नयाँ गरी जन्मनुको उसको आफ्नो निर्णय गर्ने समय हुनेछ।

**२. हिन्दु, बुद्धिस्ट र उनीहरूजस्तै अरूहरूबारे के हुन्छ ?**

हामीले अघिबाटै देखिसक्यौं, प्रत्येक मानिसले अनन्त शक्ति र ईश्वरत्वको सारा परिपूर्णताको विषयमा जान्दछ, किनकि ती सारा कुराहरू हाम्रा वरिपरिका कुराहरूमा देख्न सकिन्छ । हामीले परमेश्वरको महिमालाई चराचुरुङ्गी, चारखुट्टे जनावरहरू र भूइँमा घस्रने जीवहरूका मूर्तिका रुपसँग साटफेर गऱ्यौं र परमेश्वरको त्यो ज्ञानबाट फर्क्यौं भने परमेश्वरले सोहीबमोजिम हामीमाथि न्याय गर्नुहुनेछ।

*"तिनीहरूले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिको रुपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे । यसकारण परमेश्वरले तिनीहरूलाई तिनीहरूका हृदयका कामवासनाको*

*अशुद्धतामा छोडिदिनुभयो, कि तिनीहरूले आपसमा आफ्ना शरीरको अनादर गरून् । किनकि तिनीहरूले परमेश्वरको सत्यतालाई झूटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरूको पूजा र सेवा गरे"* (रोमी १:२३-२५)।

बाइबल भन्छ, परमेश्वरले *"हरेक मानिसलाई उसको कामअनुसार दिनुहुनेछ"* (रोमी २:६)।

*"धैर्यसँग असल काम गरेर महिमा, इज्जत र अमरत्व खोज्नेहरूलाई चाहिँ उहाँले अनन्त जीवन दिनुहुनेछ । तर झगडालु, सत्यको पालन नगर्ने र दुष्टतामा हिँड्नेहरूमाथि चाहिँ क्रोध र रीस पर्नेछ"* (रोमी २:७-८)।

यसरी, उहाँको बारेमा हाम्रो समझको विषयमा परमेश्वरको फैसला हुनेछ। हामीले येशू ख्रीष्टको सुसमाचार सुनेका छौं भने येशूले भन्नुभएको छ,

*"मलाई इन्कार गर्ने र मेरो वाणी ग्रहण नगर्नेको लागि एउटा न्यायाधीश छन् । जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ"* (यूहन्ना १२:४८)।

हामीले येशू ख्रीष्टको विषयमा सुनेका छैनौं भने परमेश्वरप्रति हाम्रा धारणाबाट हामीमाथि न्याय हुनेछ। हामीले एउटै सच्चा परमेश्वरको सट्टा चराचुरुङ्गीहरू र जनावरहरूको आराधना गर्ने, असलको सट्टा खराब काम गर्ने चयन गर्‍यौं भने परमेश्वरले त्यस मानिसलाई सोहीअनुसार न्याय गर्नुहुनेछ। यसरी सबै हिन्दु, बुद्धिष्ट अनि सबैमाथि परमेश्वरका साथ उसको हिँडाइअनुसार फैसला हुनेछ।

*"खराब काम गर्ने हरेक मानिसमाथि सङ्कष्ट र आपद आइपर्नेछ, पहिले यहूदीमाथि र अन्यजातिहरूमाथि पनि । तर असल काम गर्ने हरेकलाई पहिले यहूदीलाई अनि अन्यजातिलाई पनि गौरव, इज्जत र शान्ति प्राप्त हुनेछ"* (रोमी २:९-१०)।

बाइबल भन्छ, परमेश्वर पक्षपात गर्नुहुन्न । हामी येशू ख्रीष्टलाई चिन्दछौं वा चिन्दैनौं भन्ने उहाँसँगको हाम्रो हिँडाइको आधारमा उहाँ हामीमाथि न्याय गर्नुहुनेछ ।

*"सबै जसले व्यवस्थाविना पाप गरेका छन्, तिनीहरू व्यवस्थाविना नै नष्ट पनि हुनेछन्, र व्यवस्थामुनि रहेर पनि पाप गर्नेहरूको इन्साफ व्यवस्थाद्वारा नै हुनेछ । किनकि व्यवस्था सुन्नेहरू परमेश्वरको सामुन्ने धर्मी ठहरिँदैनन्, तर व्यवस्था पालन गर्नेहरू धर्मी ठहरिनेछन्"* (रोमी २:१२-१३) ।

यसैकारण बाइबल एउटा गम्भीर चेतावनी दिन्छ । प्रत्येक मानिस बुझ्दछ, परमेश्वर हुनुहुन्छ र परमेश्वरका साथ उसको वा उनको हिँडाइको आधारमा फैसला हुनेछ । हामीले येशू ख्रीष्टको बारेमा र येशू ख्रीष्टको सुसमाचार सुनेका छौं भने त्यो सुसमाचारप्रति हाम्रो प्रतिकृयाद्वारा हामीमाथि न्याय हुनेछ । यदि हामीले येशू ख्रीष्टको सुसमाचार सुनेका छैनौं भने हामी सबैसँग ज्ञान भएका एउटै परमेश्वरसँग हाम्रो हिँडाइबाट हामीमाथि फैसला हुनेछ ।

यसकारण, *"हिन्दु, बुद्धिस्ट वा मुसलमानबारे के हुन्छ"* भन्नको लागि हाम्रा निम्ति बहाना छैन । बाइबलले उनीहरूका लागि व्यवस्था मिलाएको छ । वास्तविक प्रश्न हो, "तपाईंको विषयमा के हुन्छ ?"

### ३. म अब परमेश्वरतिर फर्कें भने म पाखण्डी हुन्छु कि ?

शैतानको एउटा सबैभन्दा ठूलो छल हामी परमेश्वरको अनुग्रह र कृपाका योग्य छैनौं भनी हामीलाई भन्नु हो । हुनसक्छ, हामीले एउटा पापीको लामो जीवन जिएका छौं, वा हामीले असल भनी विचार गरेका तर उहाँमा समर्पित हुन र नयाँ गरी जन्मन परमेश्वरबाट चुनौती पाउँदै आएका किसिममा पनि हामी जिएका छौं ।

धेरै घटनाहरूमा मैले मर्न लागेको मानिसकहाँ जानु परेको थियो । मैले उनीहरू समक्ष नम्रतासाथ नयाँ गरी जन्मनुपर्ने र येशू ख्रीष्टलाई

उद्धारकका रुपमा चिन्नुपर्ने खाँचो राख्दा प्रतिकृया कहिलेकाहिँ यस्तो भएको छ, "तर अहिले म परमेश्वरतर्फ त्यस किसिमले फर्के भने एउटा पाखण्डी हुनेछु। मैले मेरो जीवन आफ्नै इच्छाअनुसार जिएको छु। अब आएर परमेश्वरले किन मलाई सुन्नु पर्दछ ?"

हामीले राम्रोसँग बुझ्नु पर्दछ, परमेश्वरका चालहरू हाम्रा चालहरू होइनन्। उहाँ हामीलाई सित्तैंको वरदानको रुपमा र विनाकुनै सर्त मुक्ति दिनुहुन्छ। उद्धार पाउनु कहिल्यै पनि ढिलो हुँदैन।

> *"यदि मैले दुष्ट मानिसलाई "तँ निश्चय नै मर्नेछस्" भनी भन्दा त्यसले आफ्नो पाप त्यागेर न्यायसंगत र ठीक काम गऱ्यो भने- यदि त्यसले कर्जामा राखेको धितो फर्काइदियो, आफूले चोरेर लगेको माल फर्काइदियो, र जीवन दिने विधिहरू मान्यो र दुष्ट्याइँ गरेन भने, त्यो निश्चय नै बाँच्नेछ, त्यो मर्नेछैन। त्यसले गरेको कुनै पाप त्यसको विरुद्धमा सम्झना हुनेछैन। त्यसले न्यायसंगत र ठीक काम गरेको छ। त्यो निश्चय नै बाँच्नेछ। तापनि तेरा देशवासीहरूले भन्नेछन्, "परमप्रभुको चाल न्यायसंगत छैन।" तर वास्तवमा त तिनीहरूकै चाल पो न्यायसंगत छैन। यदि कुनै धर्मी मानिसले आफ्नो धार्मिकता त्यागेर दुष्ट्याइँ गऱ्यो भने, त्यसो गर्नाले त्यो मर्नेछ। यदि कुनै दुष्ट मानिसले आफ्नो दुष्ट्याइँ त्यागेर न्यायसंगत र ठीक काम गऱ्यो भने, त्यसो गर्नाले त्यो बाँच्नेछ। तापनि हे इस्राएलका घराना, तिमीहरू भन्छौ, "परमप्रभुको चाल न्यायसंगत छैन।" तर म तिमीहरू हरेक मानिसको न्याय त्यसको चालअनुसार गर्दछु।"*

माथिका वचन पढेपछि परमेश्वरका चालहरू हाम्रा चालहरूबाट कति भिन्न छन् हामी एक्कासी आत्मसात गर्दछौं, राम्रोसँग बुझ्दछौं। कुनै मानिसले असल जीवन जिउनसक्छ र आफ्नो सम्पूर्ण जीवन येशू ख्रीष्टको पद चिन्हमा पछ्याउन पनि सक्छ, तर ऊ आफू मर्नुभन्दा ठीक

अघि दुष्ट्याइँ गर्दछ भने उसले आफ्नो मुक्ति हराउन सक्छ। अर्कोतिर, कुनै दुष्ट मानिस आफ्नो मृत्युशैयामा येशू ख्रीष्टतर्फ फर्कन सक्छ, र उसले साँचो र पूर्ण पश्चातापको काम गर्दै येशू ख्रीष्टमा आफ्नो जीवन फर्काउँछ भने उसले उद्धार पाउनसक्छ । मानिसको नजरमा यो न्यायसङ्गत छैन, तर परमेश्वरले भन्नुभएअनुसार उहाँका चालहरू हाम्रा चालहरू होइनन्।

***"किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ। जसरी आकाश पृथ्वीभन्दा अग्लो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अग्ला छन्"*** (यशैया ५५:८-९)।

आफ्नो मृत्युको थोरै क्षणपूर्व येशू ख्रीष्टतर्फ फर्किरहेको एउटा पापीको सन्दर्भमा बाइबलमा वर्णित प्रमुख घटनाहरूमध्ये एउटा येशू ख्रीष्ट छेउमै क्रूसहरूमा किला ठोकिएका दुइ चोरहरूमध्ये एक जनाको कथा हो। एउटा चोरले येशूको निन्दा गरेपछि अर्कोले भन्यो, ***"हे येशू, तपाईं आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस्"*** (लूका २३:४२)।

परमेश्वरको क्षमादान तत्काल प्रत्यक्ष हुन्छ, किनकि येशूले भन्नुभयो, ***"साँच्चै म तिमीलाई भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ।"*** आफ्नो मृत्युको त्यो अन्तिम घडीमा पनि चोरले पश्चाताप गऱ्यो, परमेश्वरतर्फ फर्क्यो र येशूले भन्नुभयो, उसले उद्धार पाउनेछ। यो कहिल्यै धेरै ढिलो हुँदैन।

यसैकारण हामीले नयाँ गरी जन्मनु पर्दछ । नयाँ गरी जन्मेको अनुभव प्राप्त नगरिकन हामी परमेश्वरका चाल बुझ्न सक्दैनौं, किनकि आत्मिक कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ। तपाईंले अहिले यो पुस्तक पढ्दा तपाईं आफ्नो अन्तिम सास लिन लागेको हुनसक्नुहुन्छ, तर परमेश्वरको राज्यमा पस्नलाई कहिल्यै अबेर हुँदैन।

**४. तर म कसैलाई कुनै किसिमको हानी गर्दिनँ र म असल जीवन जिउँछु**

यो शायद शैतानले हालिदिएको एउटा साह्रै खतरनाक बहाना हो। यसले मानिसहरूलाई नयाँ गरी जन्मनबाट रोक्छ।

असल जीवन जिएका र असल कार्यहरू गरेका भरमै हामी परमेश्वरको राज्यमा पस्न र अनन्त जीवनको वरदान प्राप्त गर्नसक्छौं भने येशू ख्रीष्टले यस संसारमा आउनु र हाम्रा खातिर क्रूसमा मर्नु अनावश्यक थियो। हामी व्यवहारमा के भनिरहेका छौं भने येशू ख्रीष्ट आउनु र मेरा पापको खातिर मर्नु अनावश्यक थियो। उहाँ आउनुभएको वा नआउनुभएको र मेरो खातिर मर्नुभएको वा नमर्नुभएको भए पनि म परमेश्वरको राज्यमा प्रवेश गर्नसक्थेँ। मैले असल जीवन जिउनु र असल कर्महरू गर्नु मात्र जरुरी छ।

कुनै कुरा सत्यबाट योभन्दा टाढा हुनसक्दैन। येशू ख्रीष्टले क्रूसमा पूरा गर्नुभएको कामको यो पूरै इन्कार हो। हामी पापी हौं र यसैकारण हामीलाई येशू ख्रीष्टको क्रूसद्वारा मुक्ति चाहिन्छ भन्ने तथ्यको यो इन्कार हो।

उहाँको वचनले पनि एउटा जवाफ प्रस्तुत गर्दछ,

***"यसैकारण हे मानिसको छोरो, आफ्ना देशवासीहरूलाई भन्, 'कुनै धर्मी मानिसले आज्ञापालन गरेन भने, त्यसको धार्मिकताले त्यसलाई बचाउन सक्दैन। कुनै दुष्ट मानिस आफ्नो दुष्ट चालबाट फर्क्यो भने, त्यसको दुष्ट्याइँले त्यसको पतन हुनेछैन। कुनै धर्मी मानिसले पाप गर्छ भने, त्यसको पहिलेको धार्मिकताको कारणले त्यो बाँच्न पाउनेछैन"*** (इजकिएल ३३:१२)।

प्रष्टै छ, हाम्रो आफ्नै धार्मिकता र असल कर्महरू गर्नुले हामीलाई पापबाट छुटकारा दिँदैन।

***"हामी सबै अशुद्ध मानिसझैं भएका छौं, र हाम्रा सबै धार्मिक काम फोहोर झुत्राझैं छन्"*** (यशैया ६४:६)।

हाम्रा आफ्ना धार्मिकता र असल कामहरू येशू ख्रीष्टमा विश्वासमा आधारित नहुञ्जेल ती सब परमेश्वरका नजरमा फोहोर झुत्राझैँ छन्।

***"किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्"*** (रोमी ३:२३)।

यसैकारण हाम्रा निम्ति एउटै उत्तर येशू ख्रीष्टको क्रूसमा आउनु, उहाँलाई हाम्रा प्रभु र उद्धारक मानेर ग्रहण गर्नु र नयाँ गरी जन्मनु हो। त्यसपछि हाम्रा असल कामहरूले येशू ख्रीष्टमा हाम्रो विश्वासको अनुकरण गर्नुपर्दछ, योभन्दा बाहेक अर्को तरिकाबाट होइन।

## ५. तर म नियमित रुपमा मण्डलीमा जान्छु

मण्डलीमा जानु मात्रले हामीलाई क्रिश्चियन बनाउनेछैन । क्रिश्चियन मत हृदयको लेनदेन वा विनिमय हो, र त्यहाँ परिवर्तनको अनुभव हुनु आवश्यक छ, अनि हामीभित्र हृदयको परिवर्तन हुन्छ । हामी यो कार्य हाम्रा पापहरूबाट फर्केर र येशू ख्रीष्टलाई हाम्रा प्रभु र उद्धारक हुन विन्ती गर्दै गर्दछौँ।

साँचो पश्चाताप नगरिकन र येशू ख्रीष्टलाई मेरा प्रभु र उद्धारक मानेर ग्रहण नगरिकन म एउटा मण्डलीमा पच्चीस वर्षभन्दा बढी बसेँ। कसैले भनेका छन्, मण्डलीमा जानुले तपाईंलाई स्वतः एक क्रिश्चियन बनाउँदैन, जसरी तबेलामा जन्मनुले तपाईंलाई एउटा घोडा बनाउँदैन।

हामी एकचोटि समझको ठाउँमा आएपछि येशू ख्रीष्टलाई समस्त हृदयले पछ्याउने वा नपछ्याउने भनी हामीले निर्णय लिनुपर्दछ। हामी र परमेश्वरका बीचमा हुने एउटा लेनदेन हुनुपर्दछ। हामी जसै उहाँतर्फ फर्कन्छौँ उहाँको अनुग्रहबाट मात्र यो काम पूरा हुनसक्छ । यदि मण्डलीको सदस्यताले मात्र हामीलाई मुक्ति दिन सक्थ्यो त हामी येशू ख्रीष्टको, हाम्रा निम्ति उहाँको प्रेमको र उहाँको मृत्यु र पुनरुत्थानको व्यक्तिगत ज्ञानमा कहिल्यै नआइकन नै हामी मण्डली जान सक्थ्यौँ।

मण्डलीको सदस्यता अनिवार्य छ, किनभने हामीलाई उच्चतामा

निर्माण गरिनु र येशू ख्रीष्टबारे सिकाइनु जरुरी छ । तथापि, परमेश्वरसित हाम्रो सम्बन्ध उहाँका पुत्र येशू ख्रीष्टद्वारा व्यक्तिगत सम्बन्ध हो, र हामी पानी र परमेश्वरका आत्माबाट साँच्चै नयाँ गरी जन्मेपछि नै त्यस्तो सम्बन्ध कायम हुनसक्छ ।

## ६. तर म परमेश्वरमा विश्वास गर्दछु

परमेश्वरमाथि विश्वास गर्नुले तपाईंलाई एक क्रिश्चियन बनाउँदैन ।

*"तिमीहरू विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ । त्यो असल हो । भूतात्माहरू पनि विश्वास गर्दछन् र थरथर काम्दछन्"* (याकूब २:१९) ।

याकूबको यो व्यङ्ग्यात्मक भनाइबाट देख्न सकिन्छ, भूतात्माहरू पनि विश्वास गर्छन् र थरथर काम्छन्, तर त्यसले तिनीहरूलाई क्रिश्चियनहरू बनाउँदैन । परमेश्वरमा पुग्ने एउटै बाटो छ र त्यो येशू ख्रीष्टद्वारा नै हो ।

*"येशूले तिनलाई भन्नुभयो, "बाटो सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन"* (यूहन्ना १४:६) ।

येशू ख्रीष्ट सारा धर्महरूको निम्ति एक अवरोध हुनुहुन्छ । उहाँ एक मात्र परमेश्वरकहाँ जाने बाटो हुनुभएकोले उहाँ मसीह हुनुहुन्छ भनी विश्वास नगर्नेहरूका लागि उहाँ एउटा बाधा प्रमाणित हुनुहुन्छ ।

*"तर हामीचाहिँ क्रूसमा टाँगिनुभएका ख्रीष्टलाई प्रचार गर्दछौं, जो यहूदीहरूका निम्ति बाधा र अन्यजातिहरूका निम्ति मूर्खता हो"* (१कोरिन्थी १:२३) ।

तसर्थ धर्मशास्त्रमा यसो पनि भनिएको छ,

*"हेर, सियोनमा एउटा छानिएको र बहुमूल्य कुने ढुङ्गो म बसाल्छु, र जसले उहाँमाथि विश्वास गर्छ त्यो शर्ममा पर्नेछैन । यसकारण तिमीहरू जसले विश्वास गर्छौ तिमीहरूका निम्ति त उहाँ बहुमूल्य हुनुहुन्छ, तर विश्वास*

*नगर्नेहरूका निम्ति चाहिँ, "जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्ध गरे त्यहीचाहिँ कुनाको शिर ढुङ्गा बन्यो।" र "एउटा ढुङ्गो, जसले मानिसहरूलाई ठेस खान लगाउँछ, जसले तिनीहरूलाई लोट्न लगाउँछ"* (१पत्रस २:६-८)।

क्रिश्चियन विश्वास र कुनै अर्को गैरक्रिश्चियन विश्वासका बीचमा कहिल्यै कुनै एकता हुनसक्दैन। उहाँ पुनर्जीवित ख्रीष्ट हुनुहुन्छ भनी नमान्नेहरूका लागि उहाँ सदैव बाधा हुनुहुनेछ।

## ७. तर मेरा बाबु आमा मण्डलीमा गए

कसैले भनेका छन्, "परमेश्वरका नातीनातिना छैनन्।" हाम्रा बाबु आमा क्रिश्चियन थिए वा हामी क्रिश्चियन मण्डलीमा बाल्यावस्थाबाटै हुर्काइएका थियौं भन्ने कारणले हामी क्रिश्चियन हुँदैनौं। हामी प्रत्येकले येशू ख्रीष्टसँग हाम्रो आफ्नै व्यक्तिगत सम्बन्ध भेट्टाउनु पर्दछ, र यो कुरा हामी नयाँ गरी जन्मेपछि मात्र हुनसक्छ।

## ८. तर म नियमित रुपमा प्रार्थना गर्दछु

प्रश्न उठ्छ, "कोसँग तपाईं प्रार्थना गरिरहनुभएको छ ?" तपाईंभित्र पवित्र आत्माले वास नगरुञ्जेल तपाईं एउटै सच्चा परमेश्वरलाई प्रार्थना गरिरहन सक्नुहुन्न। किनभने येशू ख्रीष्ट र पवित्र आत्माद्वारा नै हामीले परमेश्वरकहाँ प्रवेश पाएका छौं।

*"किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं।"*

हामी येशू ख्रीष्टको रगतद्वारा मात्र परमेश्वरकहाँ आउन सक्छौं।

*"यसकारण भाइ हो, येशूको रगतद्वारा महापवित्रस्थानमा प्रवेश गर्ने साहस हामीलाई हुन्छ। हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण*

*पर्दाद्वारा अर्थात उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौं"* (हिब्रू १०:१९-२०)।

हामी एउटै साँचो परमेश्वरलाई प्रार्थना गरिरहेका छौं र अर्को देवलाई होइन भनी हामीले निश्चय गर्नु उत्तम हुन्छ । हामी परमेश्वरका आत्माबाट साँच्चिकै नयाँ गरी जन्मेपछि मात्र यसको निश्चय गर्नसक्छौं । त्यसपछि मात्र हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मालाई गवाही दिन सक्नुहुन्छ ।

*"त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो"* (रोमी ८:१६)।

## ९. तर म त बाइबल पढ्दछु

स्पष्ट छ, हामी क्रिश्चियन भएपछि बाइबल पढ्न मन पराउँछौं । तैपनि, धेरै मानिसहरूले क्रिश्चियन नभइकन नै बाइबल पढेका छन् । धेरै शास्त्रीहरूले आफूहरू नास्तिक भएका स्वीकार गर्दछन्, तर उनीहरूले बाइबल पढेका छन् र परमेश्वरको सत्यतालाई नष्ट गर्ने हिसाबले कृतिहरू प्रकाशित गरेका छन् ।

सत्र वर्षको उमेरमा कार्ल मार्क्सले पनि यूहन्नाको सुसमाचारको अंशमा एउटा शोध प्रबन्ध लेखे । हामीलाई भनिएको छ, ईश्वरशास्त्रका धेरै पण्डितहरू उनले भनेका अधिकांश कुराहरूसँग सहमत छन् । तर कार्ल मार्क्सले बाइबल पढे तापनि आफू एक क्रिश्चियन हुनुको उनले कहिल्यै दाबी गरेनन् । बाइबल पढ्नु पर्याप्त हुँदैन, तपाईं नयाँ गरी जन्मनु पर्दछ ।

## १०. तर म येशू ख्रीष्टबारे कुराकानी गर्छु

धेरै मानिसहरू उहाँलाई परमेश्वरका पुत्रको रुपमा ग्रहण नगरी एक अगमवक्ता, शिक्षक, अगुवा, आदि ठानेर येशू ख्रीष्टबारे कुराकानी गर्दछन् । धेरै गैरक्रिश्चियनहरू येशू ख्रीष्टको वचन पुष्टिसहित

उदाहरण गर्दछन्, खासगरी भोकाहरू, गरीबहरू र खाँचोमा परेकाहरूलाई खुवाउनेबारे, वा उहाँका अरू कामहरू समर्थनसहित उल्लेख गर्दछन्, तर उहाँलाई प्रभु र उद्धारकर्ताको रुपमा ग्रहण गर्दैनन् ।

यसरी येशू ख्रीष्टका बारेमा कुरा गर्नु पर्याप्त हुँदैन, हामी नयाँ गरी जन्मनु पर्दछ ।

**सारांश**

माथिका सबै प्रश्नहरू वास्तविक प्रश्नहरू होइनन् । तर ती त बहानाहरू मात्र हुन् ।

वास्तविक प्रश्न हो, तपाईं आज राती मर्नुभयो भने कहाँ जानुहुनेछ भनी के तपाईं जान्नुहुन्छ ? तपाईं स्वर्गमा जानुहुन्छ वा नर्कमा ? वास्तविक प्रश्न यो हो ।

> *"तब मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखेँ । उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए, र तिनीहरूका निम्ति कतै ठाउँ पाइएन । मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखेँ, र पुस्तकहरू खोलिए । अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो । ती पुस्तकहरूमा लेखिएका कुरामुताविक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो । समुद्रले त्यसमा भएका मृतकहरू दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले । तिनीहरू प्रत्येकको आफ्नो आफ्नो कामअनुसार इन्साफ भयो । मृत्यु र पाताल अग्नि कुण्डमा फालिए । यो अग्निकुण्ड दोस्रो मृत्यु हो । जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि कुण्डमा फालियो" (प्रकाश २०:११-१५) ।*

# ४
# नयाँ गरी जन्मनमा अवरोधहरू

**१. जानी जानी गरेको पाप**

जानी जानी गरेको पाप नयाँ गरी जन्मनको लागि एउटा छेकाबार हुनसक्छ । परमेश्‍वरबाट फर्केर झन् झन् तलतिर क्रमशः डुब्दै गएकाहरूको बाइबलले डरलाग्दो तस्वीर चित्रण गर्दछ ।

रोमीको पुस्तकमा हामी यो तस्वीर चित्रण गरिएको पाउँछौं,

*"यसकारण परमेश्‍वरले तिनीहरूलाई तिनीहरूका हृदयका कामवासनाको अशुद्धतामा छोडिदिनुभयो, कि तिनीहरूले आपसमा आफ्ना शरीरको अनादर गरून् । किनकि तिनीहरूले परमेश्‍वरको सत्यतालाई झूटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरूको पूजा र सेवा गरे । यसैकारण परमेश्‍वरले तिनीहरूलाई लाजमर्दो कामुकताको निम्ति छोडिदिनुभयो । तिनीहरूका स्त्रीहरूले आफ्ना स्वाभाविक व्यवहारलाई अस्वाभाविक व्यवहारमा परिवर्तन गरे, र त्यसरी नै स्त्रीतर्फको स्वाभाविक व्यवहार त्यागेर एक दोस्रातर्फ कामुकताको जलनमा पुरुषहरूले पुरुषहरूसितै निर्लज्ज काम गरे, र आफ्नै शरीरमा आफ्ना कसूरको उचित दण्ड भोगे । यसरी तिनीहरूले परमेश्‍वरलाई मान्यता दिन नचाहेका हुनाले परमेश्‍वरले तिनीहरूलाई भ्रष्ट मनका अवस्थामा अनुचित आचरणको निम्ति त्यागिदिनुभयो । तिनीहरू सबै किसिमका बदमाशी, दुष्टता, लोभ, इबीले भरिएका छन् । तिनीहरू डाह, हत्या, झैझगडा, छल बदख्वाइँले भरिएका हुन्छन्, र तिनीहरू*

*कुराउटे, र बदनाम गर्ने, परमेश्वरलाई घृणा गर्ने, ढीट, अहंकारी, अभिमानी, दुष्ट कुरा रचिहिँड्ने, बाबु आमाको आज्ञापालन नगर्ने, मूर्ख, विश्वासघाती, निर्दयी र क्रूर हुन्छन् । यस्ता काम गर्नेहरू मृत्युको योग्य हुन्छन् भन्ने परमेश्वरको धार्मिक विधान जान्दाजान्दै पनि तिनीहरू यी काम गर्ने मात्र होइनन्, तर यस्ता गर्नेहरूसँग पूर्ण सहमत पनि हुन्छन्"* (रोमी १:२४-३२) ।

यहाँ हामी पापका कारण अधोपतन भएको देख्छौं । सबैभन्दा पहिले यहाँ परमेश्वरलाई भन्दा बरु सृष्टि गरिएका थोकहरूको पूजा गर्ने काम छ, त्यसपछि स्त्रीहरू स्त्रीहरूसँग र पुरुषहरू पुरुषहरूसँगै निर्लज्ज काम गर्दछन्, अनि व्यभिचार, दुष्टता, लोभ र माथि उल्लेखित पापहरूको लामो सूची छ ।

दुःखको कुरो के छ भने यस्ता काम गर्नेहरूले यी काम मात्र गर्दैनन्, तर यस्ता काम गर्नेहरूसँग सहमत पनि हुन्छन् । परमेश्वरले मानिसहरूलाई उनीहरूका खराब कामुकताहरूको लागि त्याग्नुपरेपछि यो भयानक क्षण हुन्छ । धर्मशास्त्र स्पष्टसँग भन्दछ, हामीले केही निश्चित पापहरू गर्दा हाम्रो उत्तराधिकार गुमाउन सक्छौं । यो कुरो निम्न पदहरूमा स्थापित गरिएको छ,

*"अधर्मीहरू परमेश्वरका राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरूलाई थाहा छैन ? धोखा नखाओ- अनैतिकहरू, मूर्तिपूजकहरू, व्यभिचारीहरू, समलिंगीहरू, चोरहरू, लोभीहरू, मतवालाहरू, निन्दा गर्नेहरू, लुटाहाहरू परमेश्वरका राज्यका हकदार हुनेछैनन्"* (१कोरिन्थी ६:९-१०) ।

*"तर तिमीहरूका बीचमा व्यभिचार र सारा अशुद्धता, अथवा लोभको नाउँसमेत नलिइओस्, जो सन्तहरूका बीचमा हुन सुहाउँदैन । कुनै अश्लील कुरा, मूर्ख बातचीत अथवा बेफाइदाको ठट्यौली नगर्नू, यी सुहाउने कुरा*

*होइनन् । तर बरु धन्यवाद दिने काम होस् । किनकि यो त तिमीहरू निश्चय नै जान, कि कुनै व्यभिचारी कि अशुद्ध मानिस अथवा लोभी मानिसलाई (जो मूर्तिपूजक हो) ख्रीष्ट र परमेश्वरको राज्यमा कुनै उत्तराधिकार छैन"* (एफिसी ५:३-५) ।

*"पाप स्वभावका कामहरू प्रत्यक्ष छन्, जो यी नै हुन्– व्यभिचार, अपवित्रता, लम्पटपना, मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झैझगडा, इर्ष्या, क्रोध, स्वार्थीपन, फूट, गुटबन्दी, डाह, पियक्कडपन, मोजमज्जा र यस्तै अरू, जसका विषयमा म तिमीहरूलाई चेतावनी दिन्छु, र अघि पनि दिएकै हुँ । जस जसले यस्ता कामहरू गर्दछन् परमेश्वरका राज्यका हकदार बन्नेछैनन् । तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, भलाई, विश्वस्तता, नम्रता, संयम हुन् । यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन । तर तिनीहरू जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पाप स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्"* (गलाती ५:१९-२४) ।

तैपनि आश्चर्यजनक समाचार परमेश्वरको प्रेम हो । उहाँले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुभयो- हामी पापी छँदै ख्रीष्ट हाम्रा खातिर मर्नुभयो ।

*"तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो"* (रोमी ५:८) ।

येशूको दुवै छेउमा क्रूसमा टाँगिएका अपराधीहरूको पूर्व उदाहरण हामी सम्झन्छौं । एउटाले उहाँको अपमान गऱ्यो । अर्कोले त्यसलाई हकारेर यस्तो जवाफ दियो,

*"तँ पनि त्यही दण्डमा परेको छस्, तापनि परमेश्वरको डर मान्दैनस् ? हाम्रो दण्ड त न्यायोचित छ, किनकि*

*हामीले त आफ्नो कामको उचित फल भोगिरहेका छौँ, तर यी मानिसले त केही अनुचित काम गरेका छैनन्"* (लूका २३:४१)।

अनि त्यो मानिसले येशूतिर फर्कंदै भन्यो, *"हे येशू, तपाईं आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस् ।"*

अपराधी आफ्नो चरम यन्त्रणामा मर्नै लागेको भए तापनि ऊ येशू ख्रीष्टद्वारा परमेश्वरतिर फर्क्यो । येशूले उसलाई दिनुभएको जवाफ हामी सबैका निम्ति साँचो छ।

*"उहाँले त्यसलाई भन्नुभयो, "साँच्चै म तिमीलाई भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ"* (लूका २३:४३)।

परमेश्वरको अनुग्रह र कृपा यस्तो छ। हामी जतिसुकै महान पापी भए पनि र समय जतिसुकै गुज्रिसकेको भए तापनि नयाँ गरी जन्मनको लागि अझै ढिलो हुँदैन।

*"किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले वा शक्तिहरूले, उँचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्नसक्नेछैन" (रोमी ८:३८-३९) ।*

## २. उदासिनता, खासै चासो नलिएको

नयाँ गरी जन्मनको लागि हाम्रो एउटा सबैभन्दा ठूलो बाधा ठाडो उदासिनता हो । हाम्रो जीवनको अन्त्यमा के हुनेछ सोबारे विचारै नगरिकन हामी जीवन जिउँदै जान्छौँ । समय नआइपुगुञ्जेल हामी मृत्युप्रति उदासिन हुन्छौँ । हामी यसलाई हाम्रो दिमागबाट बाहिर राख्छौँ। हामी यस विषयमा सुन्न पनि चाहँदैनौँ । आजको संसारमा अधिकांश अन्त्येष्टिहरू आत्मिक विषयबिना हल्का वातावरणमा सम्पन्न गरिन्छन् । मानिस मृत्युबाट बच्न चाहन्छ, यसबारे सुन्न

चाहँदैन। ऊ यसलाई स्वच्छ तुल्याउन एक छेउमा राख्न चाहन्छ।

आखिरी अवस्थाको क्यान्सरले पीडितहरूकहाँ जान मलाई धेरैपल्ट अनुरोध गरिएको छ। प्रायः म तिनीहरूको तर्फबाट ठूलो रीस पोखिएको पाउँदछु।

"यस्तो कडा रोग मलाई नै किन लाग्नुपरेको ? मर्नको लागि म अझै जवान नै छु। मैले आफू धेरै वर्ष बाँच्ने विचार गरेको थिएँ।" कममा ती मानिसहरूसँग परमेश्वरको वचन फेरि सुन्ने, पश्चाताप गर्ने र येशूतिर फर्कने अवसर छ। तर धेरैसँग त त्यो अवसर छैन। येशूले कुन बेला चोर आउँदै थियो सो नजान्ने मालिकको उदाहरण दिनुभयो।

> ***"यसकारण तिमीहरू पनि तयार रहो, किनकि मानिसको पुत्र तिमीहरूले नचिताएका बेलामा आउनेछ"*** (मत्ती २४:४४)।

हामीमध्ये कसैसँग जीवनमाथि सम्झौताको अवधि छैन। हामीले लिने प्रत्येक सास परमेश्वरबाट आएको वरदान हो र कुनचाहिँ हाम्रो अन्तिम सास हुनेछ हामी जान्दैनौँ।

टेलिभिजनको प्रारम्भपछि धेरै मानिसहरू "इडियट बक्स" लाई हेरिरहेका छन्। उनीहरूको दिमाग एउटा मनोराज्यको संसारमा विचरण गरिरहेछ र उनीहरू भावी जीवनको लागि सोच विचार गर्दैनन्। उनीहरू आफ्ना हृदयमा पवित्र आत्माको खिँचाइलाई इन्कार गर्दछन्। अनि कोही नातेदार र नजिकैको व्यक्तिको मृत्यु भएपछि, वा कुनै विवाह विच्छेद भएपछि वा कुनै आर्थिक संकटले उनीहरूलाई प्रहार गरेपछि मात्र उनीहरू क्षणिक तवरमा झल्याँस्स हुन्छन् र वास्तविकतामा फर्कन्छन्। सत्यताको खोजी पनि प्रायः सजिलैसँग त्यागिन्छ र दिमाग अरू अरू कुराहरूले भरिन्छ। फलस्वरुप, हामी सबैले सामना गर्नैपर्ने शारीरिक मृत्युको अनिवार्यतालाई विचार गर्नमा त्यस्ता कुराहरूले बाधा दिन्छ।

### ३. गुप्त विद्या

विगत दशाब्दीमा गुप्त विद्याको विस्फोट आधुनिक सभ्यताको एउटा विशेषता रह्यो । उत्तरहरूका निम्ति सबै पक्षका मानिसहरू गुप्त ज्ञानतिर फर्किरहेका छन् । मृतात्मा सम्पर्क पाटिदेखि अन्धकूप र अजिङ्गर हुँदै ब्रम्हवाद, जन्मपत्री, मध्यस्थद्वारा भूतप्रेत जगाउने काम, रक संगीत, लागू पदार्थ र गुप्तविद्या सम्बन्धी सबै किसिमका पुस्तकहरूसम्म मानिसहरू येशू ख्रीष्टको सुसमाचारविरुद्ध सुरक्षाप्रदान गरिएका छन् । प्राचीन गल र ब्रिटेनका केल्ट निवासीहरूका पुरोहितहरूको सभा स्थल, फ्रिम्यासनहरू र यस्तै किसिमका क्रियाकलापहरूका सभा घरहरूको सहभागिता समेतको अर्थ पवित्र आत्मालाई निभाइएको भन्ने हुन्छ । मानिसहरू सधैँ परमेश्वरको वचनभन्दा अर्कै ठाउँमा जवाफहरू खोज्नेछन् ।

डरलाग्दो कुरो के छ भने गुप्त ज्ञान सम्बन्धी कृयाकलापहरूमा सहभागिताको अर्थ हामी आफूले नबुझ्ने गुप्त विद्याका शक्तिहरूबाट घेरिएका छौँ भन्ने हुनसक्छ । यी आत्मिक शक्तिहरूले हाम्रो समझलाई परमेश्वरको वचनबाट अन्धो तुल्याइदिन्छन् । यसकारण परमेश्वर आफ्ना जनहरूलाई यी कुराहरूमा सहभागी हुन स्पष्टसँग मनाइ गर्नुहुन्छ ।

> *"आफ्नो छोरा वा छोरीलाई आगोमा बलि गर्ने, शकून अपशकून बताउने, जोखना हेर्ने, जादूगरी गर्ने, टुनामुना गर्ने, मृतसँग सल्लाह लिने, विजुवा वा झाँक्री तिमीहरूका बीचमा कोही नहोस् । यस्तो काम गर्ने व्यक्ति परमप्रभुको अगि घृणित हो । यी घृणित रीतिथितिहरूको कारणले परमप्रभु तिमीहरूका परमेश्वरले ती जातिहरूलाई तिमीहरूका सामुबाट निकालिदिनुहुनेछ"* (व्यवस्था १८:१०-१२) ।

यो पुस्तकको परिशिष्टमा तपाईंले गुप्त विद्याको एउटा सूची पाउनु हुनेछ र तपाईं त्यो सूचीमुनि सूचीबद्ध गरिएका कुनै एउटामा सहभागी हुनुहुन्छ भने तपाईंले तिनलाई त्याग्नु पर्दछ।

### ४. सन्देह र डर

आजको हाम्रो सभ्यतामा अविश्वासको आत्मा एउटा बलियो आत्मा हो । हाम्रा सञ्चार साधनमा सत्यताका यति धेरै विकृतिहरू रहेका छन्, जसले गर्दा मानिसहरू साँचो कुराहरूमा पनि अविश्वास गर्दछन् । यसैगरी हामीमध्ये धेरैमा डरको आत्माले वास गरेको हुन्छ । कहिलेकाहिँ विवाह विच्छेद, खराब पारिवारिक जीवन वा मानसिक आघातजस्ता धेरै अरू अनुभवहरूका परिणामस्वरुप यो हुन्छ । तैपनि परमेश्वरसँग उहाँको उत्तर छ, हामी उहाँतिर फर्क्यौं भने हामी पाउँछौं,

***"किनभने परमेश्वरले हामीलाई डरको आत्मा होइन, तर शक्ति, प्रेम र आत्मसंयमको आत्मा दिनुभएको छ"*** (२तिमोथी १:७)।

### ५. मनको अवरोध र सांसारिक मानववाद

हाम्रो शैक्षिक प्रणालीले हामीलाई परमेश्वरबाट स्वतन्त्र हुन र उहाँको अस्तित्व इन्कार गर्न सिकाएको छ । हामीमध्ये धेरैले हाम्रा दिमागमा परमेश्वरमाथि विश्वास नगर्ने निश्चित गरेका छौं।

मैले मानिसहरूका निम्ति प्रार्थना गर्दा धेरै घटनाहरूमा उनीहरूलाई मनको अवरोध वा सांसारिक मानववादको आत्मा वा दुवैबाट छुटकारा दिनुपर्ने आवश्यकता भएको पाएको छु । सांसारिक मानववादले हामीलाई परमेश्वरमाथि होइन, तर आफैमाथि भर पर्न सिकाउँछ र स्वार्थी बनाउँछ।

शिक्षाका आफ्नै गुणहरू भए तापनि यसले हामीलाई स्वतः परमेश्वरमा डोऱ्याउनेछैन । यथार्थमा, बढी शिक्षा परमेश्वर विरोधी हुन्छ। अतः यी शब्दहरू धर्मशास्त्रमा भेट्टाउनुमा कुनै आश्चर्य छैन,

*"भाइ हो, जब तिमीहरू बोलाइएका थियौ, तिमीहरू कस्ता थियौ ? सो विचार गर । सांसारिक स्तरअनुसार तिमीहरूमध्ये धेरै जना बुद्धिमान्, धेरै जना शक्तिशाली र धेरैजना खानदानी थिएनौ । तर बुद्धिमान्हरूलाई शर्ममा पार्न परमेश्वरले संसारका मूर्ख कुराहरूलाई छान्नुभयो र शक्तिशालीलाई शर्ममा पार्नलाई परमेश्वरले संसारका निर्बल कुराहरूलाई छान्नुभयो । परमेश्वरले संसारका नीच र तुच्छ ठहरिएका कुराहरूलाई चुन्नुभयो । यहाँसम्म कि, नगण्य कुराहरूलाई पनि चुन्नुभयो, यस हेतुले कि जुन कुरा छन् ती व्यर्थ ठहरिऊन्, र कुनै प्राणीले परमेश्वरको सामुन्ने अहंकार नगरोस्"* (१कोरिन्थी १:२६-२९) ।

# ५
# आफू नयाँ गरी जन्मनु आवश्यक छ भनी मैले कसरी बुझ्ने

यस अध्यायमा हामीलाई नयाँ गरी जन्मनु आवश्यक छ भनी देखाउने केही लक्षणहरूका विशेषताहरू म दर्शाउने छु । तथापि, केही घटनाहरूमा प्रभुको लागि आफ्नो उत्साह हराएर परमेश्वरबाट तर्केर गएका नयाँ गरी जन्मेका क्रिश्चियनहरूमा पनि ती विशेषताहरू सान्दर्भिक हुनसक्छन् भनेर हामी हेर्नेछौं । त्यस्तो स्थितिमा उनीहरूले येशू ख्रीष्टमा आफ्नो जीवन पुनः प्रतिबद्ध गराउनु जरुरी हुनेछ ।

**१. परमेश्वरबाट आग्रह**

हामीले परमेश्वरको निम्ति प्रतिकृया गर्ने आग्रह वा इच्छा अनुभव गर्नुपर्दछ । तपाईंले अहिले यो पुस्तक पढिरहेको समयमा समेत यो आग्रह तपाईंमा आएको हुनसक्छ । बाइबल प्रष्टैसँग भन्दछ, परमेश्वरले कसैलाई येशूकहाँ नदिउञ्जेल कोही पनि उहाँकहाँ आउनसक्दैन ।

***"अनि उहाँले भन्नुभयो, यसैकारण मैले तिमीहरूलाई भनेको हुँ, 'यदि पिताबाट दिइएको छैन भने कोही मानिस मकहाँ आउन सक्दैन"*** (यूहन्ना ६:६५) ।

परमेश्वरकहाँ जानु हाम्रो निर्णय हुँदैन । परमेश्वरले नै उहाँको अनुग्रह र कृपामा हामीलाई बोलाउनुहुन्छ ।

धेरै जना बोलाइएका छन्, चुनिनेहरू हुने चयन थोरैले मात्र गर्दछन् । थोरैले येशू ख्रीष्टको क्रूस बोक्ने र उहाँको पछि लाग्ने विकल्पको चयन गर्दछन् । यस तथ्यलाई हामीले राम्रोसँग चिन्नुपर्दछ ।

***"किनभने बोलाइएका धेरै छन्, तर चुनिएका थोरै छन्"*** (मत्ती २२:१४) ।

येशू ख्रीष्टको पछि लाग्ने निर्णय गर्न हामी परमेश्वरबाट बोलाइन सक्छौं र पनि तर्केर गइ परमेश्वरबाट चुनिनुबाट चुक्नसक्छौं ।

**२. हामीसँग येशू ख्रीष्टको व्यक्तिगत ज्ञानको अभाव छ**

एक क्रिश्चियन हुनु एउटा बौद्धिक अनुभव होइन । यो त येशू ख्रीष्टको व्यक्तिगत ज्ञान प्राप्त गर्नु हो । म नयाँ गरी जन्मेको रातलाई राम्ररी सम्भन्छु । त्यसको ठीक भोलिपल्ट बिहान मैले पाएँ, म येशू ख्रीष्टमा प्रार्थना गर्न र एक मित्रझैं उहाँसित कुराकानी गर्न सक्थें । उहाँको सच्चाइ प्रष्ट र सारा सन्देहबाट टाढा थियो । यदि तपाईंसँग आफ्नो जीवनमा त्यो व्यक्तिगत यथार्थ र यस किसिमको येशू ख्रीष्टको ज्ञानको अभाव छ भने तपाईंलाई नयाँ गरी जन्मनु निश्चय नै आवश्यक छ । येशूले भन्नुभयो,

> ***"मेरा भेडाहरूले मेरो सोर सुन्छन्, र तिनीहरूलाई म चिन्छु, र तिनीहरू मेरो पछि आउँछन् । तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्, र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजाने छैन"*** (यूहन्ना १०:२७-२८) ।

येशू ख्रीष्टको व्यक्तिगत ज्ञानमा आएपछि हामी पवित्र आत्माद्वारा उहाँको सोर सुन्न सुरू गर्दछौं । येशूले भन्नुभयो, हामी पवित्र आत्माको सोर सुन्नेछौं ।

> ***"जब उहाँ, अर्थात सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ । उहाँ आफ्नो तर्फबाट बोल्नु हुनेछैन । उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ"*** (यूहन्ना १६:१३) ।

हामी जसै परमेश्वरको नजिकै खिँचिन्छौं, उहाँ पनि हाम्रा नजिकै खिँचिनुहुन्छ । उहाँ पवित्र आत्माको सोरको माध्यमबाट हामीसँग बोल्न र कुराकानी गर्न सुरू गर्नुहुन्छ । स्पष्ट छ, येशू ख्रीष्टमा हिँडडुल

गरिरहेको एउटा मण्डलीमा हामी हुनु जरुरी छ, ताकि हामी जे परमेश्वरबाट आएको विश्वास गर्दछौं, त्यो उहाँबाटै आएको हो, शत्रुबाट होइन भनी छुट्याउन सकौं ।

**३. हामी परमेश्वरबाट पृथक अनुभव गर्दछौं**

परमेश्वर अगाडि बढ्ने परमेश्वर हुनुहुन्न, हामी मानिसहरू अगाडि बढ्दछौं । हाम्रा पापले नै हामीलाई परमेश्वरबाट अलग्याउँछ र हामी ती पापहरूबाट नफर्केसम्म परमेश्वर टाढै रहनुहुनेछ ।

*"निश्चय नै परमप्रभुको हात बचाउन नसक्ने गरी छोटो भएको छैन, नता उहाँको कान सुन्न नसक्ने गरी बाक्लो भएको छ । तर तिमीहरूका अधर्मले तिमीहरूलाई आफ्ना परमेश्वरबाट अलग गरेका छन्, र तिमीहरूका पापले गर्दा उहाँको मुहार तिमीहरूबाट छेकिएको छ, र उहाँले तिमीहरूको कुरा सुन्नुहुनेछैन"* (यशैया ५९:१-२) ।

क्रिश्चियन मत दिक्कलाग्दो छ, वा हामी मण्डली जानुबाट केही हासिल गरिरहेका छैनौं, वा बाइबल हाम्रा खातिर निरर्थक छ भन्ने हामी अनुभव गर्दछौं भने यसको वास्तविक अर्थ हुनसक्छ, हामी परमेश्वरका आत्माबाट नयाँ गरी जन्मेका छैनौं । हामीसँग हृदयको अनुभव नभएर परमेश्वरको बौद्धिक ज्ञान भएको हुनसक्छ । बाइबल भन्छ, *"हृदयमा भरिएका कुराहरू नै मुखबाट निस्कन्छन्"* (मत्ती १२:३४) ।

*"असल मानिसले आफूभित्र भरिएका असल थोकबाट असलै थोक निकाल्छ, तर दुष्ट मानिसले आफूमा भरिएको दुष्टताबाट दुष्ट थोक नै निकाल्छ"* (मत्ती १२:३५) ।

हाम्रो हृदय परमेश्वरको प्रेम र उहाँको उपस्थितिको ज्ञानले भरिएको छ भने, हामी नयाँ गरी जन्मेपछि यस्तै हुन्छ, हामी परिवर्तित मानिस हुन्छौं र परमेश्वरको वचन हामीमा जीवित हुनेछ । अरू क्रिश्चियनहरूसँग संगति एउटा आनन्द हुनेछ र हामी परमेश्वरको प्रेम र असलताबारे गवाही दिनुबाट कहिल्यै रोकिन चाहनेछैनौं ।

### ४. हामीमा अनन्त जीवनको ज्ञानको अभाव छ भने

नयाँ गरी जन्मेको क्रिश्चियन हुनुको एउटा महान आशिषको निश्चय के हो भने हामी हाम्रो शारीरिक मृत्युपछि परमेश्वरसँग अनन्त जीवनमा रहन जान्छौं । हामीसँग यो ज्ञानको अभाव छ भने मृत्युपछि हामीलाई के हुनेछ हामी जान्दैनौं । अनि हामीसँग हाम्रा हृदयमा अनन्त जीवन हुँदैन । येशूले भन्नुभयो,

> ***"साँच्चै म तिमीहरूलाई भन्दछु, यदि कसैले मेरो वचन पालन गऱ्यो भने त्यसले कहिल्यै मृत्यु देख्नेछैन"*** (यूहन्ना ८:५१) ।

येशू शारीरिक मृत्युको बारेमा नभएर आत्मिक मृत्युको विषयमा बोलिरहनुभएको थियो । बाइबल दोस्रो मृत्युको विषयमा बोल्दछ । पहिलो मृत्यु हाम्रो आत्माले हाम्रो शरीर छोडेपछि हामी शारीरिक मृत्यु मर्दछौं । हामीलाई हुनसक्ने दोस्रो मृत्यु (हामी परमेश्वरको पछि लाग्दैनौं र उहाँको राज्यमा छैनौं भने) आत्मिक मृत्यु हो । यो परमेश्वरबाट अलग्याइ हो ।

यसैकारण येशूले भन्नुभयो, उहाँ आफ्ना भेडाहरूलाई अनन्त जीवन दिनुहुन्छ र उनीहरू कहिल्यै नष्ट हुनेछैनन्, नता कसैले उनीहरूलाई उहाँका हातबाट खोसेर लैजानेछ । नयाँ गरी जन्मनुको अनुभवले हामीलाई परमेश्वरसँग बिताउने अनन्त जीवनको निश्चयता दिन्छ ।

### ५. गवाही दिनुको सामर्थ्यको अभाव

अरूहरूलाई दिनका लागि हामीसँग येशू ख्रीष्टबारे गवाही दिने शक्ति छैन भने सम्भव हुनसक्छ, हामी परमेश्वरका आत्माबाट कहिल्यै नयाँ गरी जन्मेका छैनौं । आफू मण्डली जाँदै गरेको धेरै वर्षसम्म अरूहरूलाई मैले येशू ख्रीष्टबारे कहिल्यै केही भन्न सकिनँ । वास्तवमा, उहाँको नाम प्रयोग नगरेकाले इश्वर निन्दा गर्दैगरिनँ । येशू ख्रीष्टसित मेरो व्यक्तिगत सम्बन्ध थिएन । सत्र वर्ष अघिसम्म म परिवर्तित र नयाँ

गरी जन्मेको थिइनँ, यसैकारण म मण्डली गए तापनि मसँग मेरो जीवनमा गवाहीको शक्तिको कमी थियो । म नयाँ गरी जन्मेको तुरुन्त मेरो सम्पूर्ण इच्छा येशू ख्रीष्टको विषयमा अरूहरूलाई भन्नु थियो । त्यस बेलासम्म मैले मेरो जीवनमा पवित्र आत्मालाई पस्न दिएको थिइनँ ।

### ६. पवित्र आत्माको ज्ञानको कमी

नयाँ गरी जन्मेपछि हामी तत्काल तेस्रो व्यक्तिको ज्ञान र निश्चयमा आउँछौं । उहाँ यस पृथ्वीमा उपस्थित हुनुहुन्छ र पवित्र आत्मा कहलाइनुहुन्छ । बाइबल उहाँलाई सान्त्वना दिनुहुने, सल्लाहकार र शिक्षक भन्छ । येशूले भन्नुभयो, सल्लाहकार आउनुहुनको निम्ति उहाँ जानु आवश्यक छ ।

***"तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ । किनभने म नगएमा सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन । तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु"*** (यूहन्ना १६:७) ।

***"अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ । पापको विषयमा, किनभने तिनीहरू ममाथि विश्वास गर्दैनन्, धार्मिकताको विषयमा, किनभने म पिताकहाँ जान्छु, र तिमीहरू मलाई फेरि देख्नेछैनौ र न्यायको विषयमा, किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ"*** (यूहन्ना १६:८-११) ।

हामीले देखेबमोजिम पवित्र आत्माको कार्य पापमय संसारलाई दोषी ठहराउनु, परमेश्वरसँग ठीकसँग खडा हुनु र न्यायको एउटा दिन छ भन्ने तथ्यको विषयमा संसारलाई दोषको कायल पार्नु हो । उहाँले नै तपाईंलाई येशूकहाँ खिँच्नुहुन्छ, तपाईंका हृदयका तारहरूलाई जोडसँग तान्नुहुन्छ र परमेश्वरको बोलावटमा प्रतिकृया गर्न तपाईलाई

बोलाउनुहुन्छ। उहाँले नै हामीलाई हाम्रा जीवनका पाप देखाउनुहुन्छ र हामीलाई त्यस पापको दोषी ठहराउनुहुन्छ।

हामीले हाम्रा प्रभु र उद्धारक मानेर येशू ख्रीष्टको अनुकरण गरेपछि हामी पवित्र आत्मालाई हाम्रा हृदयमा निम्त्याउँछौं र उहाँ एक वास्तविक मानिस बनेर हामीलाई सान्त्वना र बल दिनुहुन्छ। अनि हामीले परमेश्वरको वचन पढ्दा हामीलाई सिकाउनुहुन्छ। जसै हामी येशू ख्रीष्टमा वृद्धि हुँदै जान्छौं, हामी उहाँको उपस्थितिको बढी बोध गर्दछौं। यसरी हामी परमेश्वरको अभिषेकबारे बुझ्न सुरू गर्दछौं (मेरो पुस्तक *"दि सेक्रेट अफ गड्स अन्वाइन्टिङ्ग"* हेर्नुहोस्)।

# ६
# म कसरी नयाँ गरी जन्मन सक्छु ?

## १. हामीले मूल्यको विचार गर्नुपर्दछ

नयाँ गरी जन्मनुमा एउटा मूल्य चुकाउनुपर्ने हुन्छ । हामीले येशूको पछि लाग्ने निर्णय गर्नुपूर्व बाइबल हामीसँग त्यो मूल्यको हिसाब गर्न भन्दछ ।

*"जुन व्यक्ति आफ्नो क्रूस बोकेर मेरो पछि लाग्दैन, त्यो मेरो चेला हुनसक्दैन । तिमीहरूमध्ये कसैले एउटा धरहरा बनाउने इच्छा गर्छ भने, त्यो धरहरा बनाइ सिध्याउने खर्च आफूसित छ कि छैन भनी के त्यसले पहिले नै बसेर हिसाब लाउँदैन र ? नत्र भने त्यसले जग बसालेपछि सिध्याउन सकेन भने, देख्नेहरू सबैले यसो भनेर त्यसको गिल्ला गर्न लाग्नेछन्, यस मानिसले बनाउन त थाल्यो, तर सिध्याउन सकेन । कुन राजा होला जसले अर्को राजासँग लडाइँ गर्न जाँदा आफ्नो साथ भएका दश हजारले त्यसको विरुद्ध आउने बीस हजारसँग लडाइँ गर्न सक्छु कि सक्दिनँ भनी पहिले बसेर सल्लाह गर्दैन ? तिनले नसक्ने हो भने, त्यो अर्को राजा टाढै हुँदा मिलापको सर्त सोध्न राजदूत पठाउनेछ । यसकारण तिमीहरूमध्ये जसले आफूसित भएका सबै थोक त्याग्दैन, त्यो मेरो चेला हुनसक्दैन"* (लूका १४:२७-३३) ।

एक क्रिश्चियन हुनुको अर्थ एउटा क्लबको सदस्य हुनु मात्र होइन । यो जीवनको एउटा नयाँ ढाँचा ग्रहण गर्ने र येशू ख्रीष्टकै रुपसमान, एक क्रान्तिकारी हुने निर्णय लिनु हो । यसको अर्थ हामी सांसारिक सरकारहरूलाई ढाल्न प्रस्थान गर्छौं भन्ने होइन । तर हामी उग्र रुपमा

परिवर्तित जीवनशैली अपनाउने निर्णय लिन जाँदैछौँ र अब येशू ख्रीष्ट हाम्रा जीवनको हरेक पक्षको प्रभु बन्न गइरहनुभएको छ भन्ने अर्थमा हो । तसर्थ, यसमा चुकाउनुपर्ने मूल्यको हिसाब गर्नु र मूल्य चुकाउन आफू तयार भएका निश्चय गर्नु हाम्रा निम्ति आवश्यक छ । हामीले एकपल्ट त्यो निर्णय लिइसकेपछि त्यसबाट कहिल्यै पछि हटेनौँ भने हामी एक क्रिश्चियन हुनुको कर्तव्य बुझ्न सुरू गर्नेछौँ ।

त्यहाँ कुनै "सस्तो" वा "सरल" अनुग्रह छैन । भनाइको तात्पर्य हो, हामी पापबाट सकृयतासाथ फर्केनौँ र हाम्रा प्रभु येशू ख्रीष्टका आज्ञाहरू पालन गरेनौँ भने हामी आफूमाथि परमेश्वरको कृपा वर्षने अपेक्षा गर्नसक्दैनौँ ।

## २. एउटा सानो बालकजस्तै बन्नुहोस्

मूल्यको हिसाब गरिसकेपछि परमेश्वरकहाँ पुग्नको निम्ति हामी एउटा सानो बालकझैँ हुनुपर्ने खाँचो हुन्छ । हामीले सारा पूर्वाग्रह, अहंकार र घमण्ड एकातिर पन्छाएर आफूलाई परमेश्वरका सामुन्ने नम्र तुल्याउनु पर्दछ ।

> ***"उहाँले एउटा सानो बालकलाई नजिक बोलाएर तिनीहरूका माझमा उभ्याउनुभयो, र भन्नुभयो, 'साँच्चै म तिमीहरूलाई भन्दछु, मन परिवर्तन भएर तिमीहरू साना बालकहरूजस्ता भएनौ भने कहिल्यै स्वर्गको राज्यमा पस्नेछैनौ । जसले यो सानो बालकजस्तै आफूलाई नम्र तुल्याउँछ, त्यही स्वर्गको राज्यमा सबैभन्दा महान हुनेछ । जसले मेरो नाउँमा एउटा यस्तो बालकलाई ग्रहण गर्छ, त्यसले मलाई ग्रहण गर्छ"*** (मत्ती १८:२-५) ।

हाम्रो शिक्षाले हामीलाई स्वर्गमा लैजानेछैनन्, नता हाम्रा कर्महरूले नै लानेछन् । येशूले औँल्याउनुभयो, हामी स्वर्गको राज्यमा प्रवेश गर्ने हो भने हामीले आफूलाई एउटा सानो बालकजस्तै नम्र तुल्याउनुपर्दछ । क्रूसमा जानुपूर्व उहाँले आफ्ना चेलाहरूका गोडाहरू धुनु भएर

उनीहरूलाई अचम्भित बनाउनुभयो । पत्रसले त्यसो गर्न विरोध गर्दा येशूले भन्नुभयो, उहाँले पत्रसको गोडा धोइदिनुभएन भने उहाँसित पत्रसको केही हिस्सा हुनेछैन । पत्रस आफ्ना गोडा मात्र होइन तर उनका हात र शिर पनि धुवाउन चाँडै सहमत भए । अनि येशूले भन्नुभयो,

*"तिमीहरू मलाई "गुरु र प्रभु" भन्दछौ, त्यो तिमीहरू ठीकै भन्दछौ, किनभने म उही हुँ । यदि तिमीहरूका प्रभु र गुरु भइकन मैले तिमीहरूका गोडा धोएको छु भने तिमीहरूले पनि एक अर्काका गोडा धुनुपर्छ, किनकि मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु र जसो मैले तिमीहरूका निम्ति गरेँ, तिमीहरूले पनि त्यसै गर"* (यूहन्ना १३:१३-१५) ।

घमण्डका कारण शैतानको पतन भयो । हाम्रा प्रभु र उद्धारकको रुपमा येशू ख्रीष्टलाई चिन्ने ठाउँमा हामी आउनको लागि सबैभन्दा ठूलो शत्रु घमण्ड हुन्छ । येशूले हामीलाई नम्रताको उदाहरण दिनुभएको छ ।

### ३. पश्चाताप

पश्चातापको अर्थ हाम्रा पापहरूका खातिर खेद प्रकट गर्नु होइन, तर तिनीहरूबाट पूर्ण रुपमा फर्कनु हो । यो पूरै उलटफेर हुनु हो । यो पापबाट फर्कने निर्णय हो, तर एउटा अनुभव मात्र होइन । दमस्कस जाने बाटोमा येशूले पावलसँग भेट्नुहुँदा उहाँले बोलेका शब्दहरूले पश्चातापको अर्थ धेरै स्पष्टसँग बयान गर्दछन्,

*"तिमीले तिनीहरूका आँखा खोलिदेऊ, र तिनीहरू अन्धकारबाट ज्योतितर्फ, र शैतानको शक्तिबाट परमेश्वरतर्फ फर्कून् । यसरी तिनीहरूले पापको क्षमा पाउनेछन् र ममाथिको विश्वासद्वारा पवित्र भएकाहरूको स्थान तिनीहरूले पनि पाउनेछन्"* (प्रेरित २६:१८) ।

यसैकारण पश्चाताप अन्धकारबाट ज्योतितर्फ र शैतानको शक्तिबाट परमेश्वरतर्फ फर्कनु हो । हामी अन्धकारबाट ज्योतितर्फ

फर्कनुको अर्थ हुन्छ, हामी हाम्रा जीवनमा परमेश्वरको ज्योतिलाई पूर्ण रुपले आउन दिन्छौँ र हामी पापको सबै अन्धकारबाट फर्कन्छौँ ।

येशू ख्रीष्टभन्दा छ महिनाले जेठा र प्रभुको आगमनको घोषणा गर्ने अग्रदूत भई आएका बप्तिस्मा दिने यूहन्नाले पश्चातापको सन्देश प्रचार गरे । येशूले प्रचार गर्नुभएका प्रथम सन्देशहरूमाझ यी शब्दहरू थिए, *"पश्चाताप गर, किनभने स्वर्गको राज्य नजिक आइपुगेको* छ" (मत्ती ४:१७) ।

पश्चातापमा हृदयको पूर्ण परिवर्तन समावेश हुन्छ, मनोवृत्ति मात्र होइन ।

उडन्ते छोराको कथामा कान्छोले आफ्नो उत्तराधिकार पाएपछि आफ्ना बाबुको घर त्याग्यो । ऊ टाढा गयो र भोग विलासमा आफ्नो सारा सम्पत्ति उडायो । सुँगुरहरू चराउने काममा लागेर सुँगुरले खाने चारोले आफ्नो पेट भर्न चाहेपछि उसको चेत खुल्यो र उसले भन्यो,

> *"म उठेर आफ्ना बाबुकहाँ जानेछु र उहाँलाई भन्नेछु, 'बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु ।' अब उप्रान्त म तपाईंको छोरो भनिने योग्यको छैनँ । मलाई तपाईंका ज्यालादारी चाकरहरूमध्ये एउटासरह तुल्याउनुहोस्"* (लूका १५:१८-१९) ।

अनि हामीले पढ्ने यसपछिका शब्दहरू हुन्,

> *"तब त्यो उठेर आफ्ना बाबुकहाँ गयो" (लूका १५:२०) ।*

पश्चाताप गर्ने र आफ्ना बाबुकहाँ फर्कने उसले निर्णय गर्‍यो । उसले वास्तवमै केही काम गर्‍यो, अर्थात ऊ उठेर आफ्ना बाबुकहाँ गयो । यसले पश्चातापको खातिर निर्णय गर्नुपर्ने खाँचो देखाउँछ ।

अर्कोतिर हामीलाई यहूदाको कथा थाहा छ । येशू ख्रीष्टलाई विश्वासघात गरेर ख्रीष्टलाई दण्ड दिइएको देखेपछि उसले पछुतो गर्‍यो । उसले चाँदीका तीस सिक्काहरू प्रधान पूजारी र एल्डरहरूकहाँ फिर्ता दियो । तैपनि ऊ पश्चातापी भएन र यसकारण परमेश्वरको क्षमादानलाई बुझ्न सकेन । पछुतो मानेर ऊ गयो र आत्महत्या गर्‍यो ।

पछुतो एउटा भावना हो भने पश्चाताप एउटा निर्णय हो । येशू ख्रीष्टको क्रूसमा परमेश्वरको इच्छासँग हाम्रा इच्छा मिलेपछि पश्चाताप हुन्छ । हामी हाम्रा इच्छालाई परमेश्वरको इच्छामुनि राख्छौँ र येशूको पछि लाग्ने निर्णय गर्छौं । यो साँचो पश्चाताप हो । हामीले जेसुकै अनुभव गरे पनि त्यसमा ध्यान नदिइकन हामी निर्णय गर्दछौँ र त्यसको अनुकरण गर्दछौँ ।

परमेश्वरको सामुन्ने आफ्नो घुँडा टेकेर आफ्ना पापहरू हामीले स्वीकार गर्नुपर्दछ । यो काम उच्च सोरमा गर्नु असल हुन्छ, र हामी जसै पाप स्वीकार गर्दछौँ, शैतान हाम्रा जीवनबाट भागेर जान सुरू गर्दछ । हामीले यो कार्य हाम्रो हृदयभित्रैबाट गर्नुपर्दछ । दोषका आँसुहरू बग्न सक्छन् । हामीले अरूहरूलाई क्षमा गर्नु आवश्यक छ, खास गरी हाम्रा आमा बाबु र हामीसित नजिक हुनेहरूलाई । हाम्रोतर्फबाट हुने क्षमादानको अभाव परमेश्वरका साथ साँचो हिँडाइको सबैभन्दा ठूलो बाधा हो । उहाँले हामीलाई हाम्रा सारा पापहरूको क्षमा गर्नुभएको छ, यसकारण हामीले अरूहरूलाई क्षमा गर्नुपर्दछ । हामीले गुप्त ज्ञानका सारा संलग्नता, यौन सम्बन्धका सबै खराब रुपहरू, सारा झूट, ठगी, सबै किसिमका अनैतिकता त्याग्नु पर्दछ । हामी जति बढी पश्चातापी हुन्छौँ, त्यति नै बढी हामी परमेश्वरका आत्माको लागि आफूलाई खुला राख्छौँ । हामी आफ्ना पापहरू येशू ख्रीष्टद्वारा सीधै परमेश्वरका सामु स्वीकार गर्नसक्छौँ । किनकि परमेश्वर र मानिसका बीचमा एउटै मात्र मध्यस्थकर्ता अर्थात ख्रीष्ट येशू हुनुहुन्छ । बेला-बेलामा एउटाले अर्कासँग हाम्रा पाप वा अपराधहरू स्वीकार गर्न असल हुन्छ ।

> ***"यसकारण तिमीहरू एउटाले अर्कासँग आ-आफ्ना पाप स्वीकार गर । तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर । धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ"*** (याकूब ५:१६) ।

जुनसुकै तरिकामा हामीले गरे पनि यो काम पापबाट फर्कनको निम्ति सारा अन्धकारलाई ज्योतिमा ल्याउनको निम्ति हृदयबाट

गरिएको निर्णय हुनुपर्दछ, ताकि हामीबाट अन्धकार भागोस् । जसै हामी यो काम गर्दछौँ, हामी पापको शक्तिबाट साँचो छुटकारा पाएका अनुभव गर्न सुरू गर्दछौं ।

**४. त्याग्नु वा छोड्नु**

ती पापहरूलाई स्वीकार गरेपछि तिनलाई त्याग्नुपर्दछ । अर्थात हामी तीबाट पूर्ण रुपमा फर्कनु पर्दछ र भन्नुपर्दछ, हामी तिनलाई हाम्रा जीवनमा चाहँदैनौं र तिनलाई येशूको नाउँमा त्याग्दछौं ।

**५. परमेश्वरको अनुग्रह**

यी सबै कुरामा हामीले परमेश्वरको अनुग्रह (कृपा) को स्मरण गर्नुपर्दछ । उहाँको कृपाबाट नै परमेश्वरले हामीलाई दिनुहुने विश्वासद्वारा हामीले उद्धार पाएका छौं । हामी जसै साँचो पश्चाताप गरेर पापबाट हटेर परमेश्वरतर्फ फर्कन्छौं, परमेश्वरको विश्वास र कृपाको वरदानले हाम्रा जीवनमा काम गर्न सुरू गरेको हामी पाउँछौं ।

तपाईले माथिका पद चिन्हहरूको अनुकरण गर्नुभएको छ भने तपाई अब नयाँ गरी जन्मन तयार हुनुहुन्छ । माथिका चरणहरू पछ्याउँदा तपाईले आफूमाथि परमेश्वरको भरिपूर्ण गर्ने उपस्थितिको अघिबाटै अनुभव गरेको हुनसक्छ । तर जुनसुकै स्थितिमा पनि हामीले रोमी १०:८-१० मा प्रतिपादित परमेश्वरको राज्यमा प्रवेश गर्नुको सर्त याद गर्नुपर्दछः

*"तर यसले के भन्छ, "वचन तिम्रो नजिकै छ, तिम्रो मुखैमा र तिम्रो हृदयमा ।" अर्थात विश्वासको वचन, जो हामी प्रचार गर्दछौं । किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ । किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष*

*ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ"* (रोमी १०:८-१०)।

यसरी, परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी हामीले प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा मुखले स्वीकार गर्‍यौं र हाम्रो हृदयमा विश्वास गर्‍यौं भने हामीले उद्धार पाउनेछौं।

## ६. के तपाईं तयार हुनुहुन्छ ?

यदि हुनुहुन्छ भने के म तपाईंलाई एउटा सामान्य प्रार्थना संकेत गर्ने सौभाग्य प्राप्त गर्नसक्छु ? तपाईंले घुँडा टेकेपछि तपाईं यसो गर्न मन पराउन सक्नुहुन्छ,

**हे स्वर्गमा विराजमान हुनुहुने पिता, म तपाईंका पुत्र येशू ख्रीष्टको नाउँमा तपाईंकहाँ आउँदछु। म एउटा पापीको रुपमा जन्में र म अब मेरा सारा पाप त्याग्दछु। म ती सबै पाप (ती पापहरूको उल्लेख गर्नुहोस्) स्वीकार गर्दछु र म येशू ख्रीष्टको नाउँमा ती पापहरू मुखले बोलेर त्याग्छु। म खासगरी गुप्त विद्याको मेरो संलग्नता त्याग्दछु** (यदि तपाईं वा तपाईंका आमा बाबु वा पुर्खाहरू फ्रिम्यासोनरी वा ड्रुइड्स लजमा संलग्न रहेका छन् भने तपाईंले त्यो संलग्नता विशेष रुपमा त्याग्नुपर्दछ)।

**म शैतानका सम्पूर्ण कामहरू त्याग्छु।**

**म विश्वास गर्दछु, येशू ख्रीष्ट यस संसारमा आउनुभयो, कुमारी कन्याबाट जन्मनुभयो, उहाँ यस पृथ्वीमा हिँड्डुल गर्नुभयो, क्रूसमा टाँगिनुभयो र मलाई सारा पापबाट चोख्याउनलाई मर्नुभयो, मलाई तपाईं स्वर्गीय पितासँग मिलाप गराउन उहाँ मर्नुभयो र उहाँको बहुमूल्य रगतले मलाई शैतानको हातबाट मूल्य चुकाएर किन्नुभयो। पिता, म विश्वास गर्दछु, मैले कहिल्यै गरेका सारा पापको खातिर उहाँले पूरा दण्ड चुकाउनुभयो, अनि उहाँको रगतद्वारा म चोख्याइएको छु, मैले उद्धार पाएको छु र मेरो पवित्रकरण**

**भएको छु, म परमेश्वरको निम्ति अलग छुट्याइएको छु र यसरी धर्मी तुल्याइएको छु, मानौं मैले कहिल्यै पाप गरेको थिइनँ ।**
**म विश्वास गर्दछु, येशू ख्रीष्ट मरेकाहरूबाट तेस्रो दिन जीवित भई उठ्नुभयो र अब परमेश्वरको दाहिने बाहुलीतिर विराजमान हुनुभएको छ । हे प्रभु येशू, म तपाईंतर्फ फर्कन्छु । म अन्धकारको शक्तिबाट ज्योतितर्फ, शैतानको शक्तिबाट परमेश्वरको शक्तितर्फ फर्कन्छु । अनि म तपाईं, प्रभु येशूसँग विन्ती गर्दछु, तपाईंका पवित्र आत्माद्वारा तपाईं मेरो जीवनमा आउनुहोस् । म तपाईंमा पूर्ण रुपमा अर्पित हुन्छु र म तपाईंलाई मेरा प्रभु र मेरा उद्धारकर्ताको रुपमा स्वीकार गर्दछु ।**

तपाईं जसै यो प्रार्थना पूरा गर्नुहुन्छ, तपाईंले आफूमाथि परमेश्वरको शान्ति माथिबाट ओर्लिरहेको राम्ररी अनुभव गर्नसक्नुहुन्छ। आफ्नो गोडामा उभिएर परमेश्वरलाई धन्यवाद दिन र उहाँको भलोपनको निम्ति उहाँको प्रशंसा गर्न सुरू गर्नु असल हुन्छ। तपाईंले आफ्नो हृदयमा मुक्तिको निश्चय र परमेश्वरले तपाईंलाई क्षमा गरेर येशू ख्रीष्टद्वारा आफूसँग मिलाप गराउनुभएको तथ्य अनुभव गर्न सुरू गर्नुहुनेछ। परमेश्वरको आनन्द तपाईंको हृदयमा उर्लेर आउन थाल्नेछ।

## ७. मैले यसपछि के गर्नुपर्दछ ?

पेन्तिकोसको दिनमा पत्रसले यहूदीहरूलाई प्रचार गरिरहेका कुरा सुनेर आफ्ना पापका कारण उनीहरूका हृदय छिया छिया भयो र उनीहरूले पत्रस प्रेरितहरूसँग सोधे,

*"ए भाइ हो, हामीले के गर्ने ?" (प्रेरित २:३७) ।*

पत्रसको जवाफ थियो, *"पश्चाताप गर, र तिमीहरूका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ"* (प्रेरित २:३८)।

तपाईंले अब पश्चाताप गर्नुभएको छ र अब तपाईंले यसअघि लिनुभएको छैन भने पानीमा बप्तिस्मा लिनु आवश्यक छ।

**क. पानीको बप्तिस्मा**

उहाँ स्वयम् बप्तिस्माको पानीमुनि जानुभएकोले येशू ख्रीष्ट हामीलाई पानीमा बप्तिस्मा लिनुपर्ने खाँचोका उदाहरण दिनुहुन्छ। बप्तिस्मा दिने यहून्नाकहाँ आफूलाई बप्तिस्मा दिन भनेर येशू आउनुहुँदा यूहन्नाले उहाँसँग बहस गर्दै यसो भने,

*"बरु मलाई पो तपाईंबाट बप्तिस्मा लिनु आवश्यक छ, र के तपाईं मकहाँ आउनुहुने ?"* (मत्ती ३:१४)।

येशूको जवाफ थियो,

*"अहिलेलाई यसै हुन देऊ। किनभने यसरी नै हामीले सबै धार्मिकता पूरा गर्नुपर्दछ"* (मत्ती ३:१५)।

यसरी येशू ख्रीष्टले हामीलाई पानीमा बप्तिस्माको आवश्यकताको उदाहरण दिनुभयो। हामी बप्तिस्माको पानीभित्र पसेपछि हाम्रा हृदयमा अघिबाटै पूरा भइसक्नुपर्ने कुरा हामी पूरा गर्दछौं। हामीले हाम्रा जीवन येशू ख्रीष्टलाई दिएपछि हाम्रा हृदयमा भएको लेनदेनको बाह्य प्रस्फुटन पानीमा बप्तिस्मा हो। पानीको बप्तिस्माबाट गुज्रेपछि हामी येशू ख्रीष्टसँग उहाँको मृत्यु र पुनरुत्थानमा एकाकार हुँदछौं। जसै हामी पानीको बप्तिस्मा लिन्छौं, हाम्रो पुरानो मनुष्यत्व मरेको छ र हामी येशू ख्रीष्टमा नयाँ जीवनको लागि उठिरहेका छौं र हामी त्यस उप्रान्त पापका दास छैनौं भनी हामी बुझ्दछौं।

*"के तिमीहरू जान्दैनौ, हामी सबै जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं ?*

*यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँडौं । यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं । हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस् र अब उसो हामी पापका कमारा नहोऔं"* (रोमी ६:३-६) ।

अधिकांश संस्कृतिहरूले एक वा अर्को रुपमा पानीको बप्तिस्माको शक्तिलाई पहिचान गर्दछन् । उनीहरू जान्दछन्, यो पुरानो जीवनबाट काटिनु हो । उदाहरणको लागि, भारतमा मैले येशू ख्रीष्टको निम्ति निर्णय गर्न धेरैलाई अगाडि आएको देखेको छु । त्यस बेला उनीहरूले बप्तिस्माको पानीमा नजाउञ्जेल उनीहरूको पारिवारिक जीवनमा प्रायः वास्तविक कठिनाइ हुँदैन । तर बप्तिस्मा लिँदा वास्तविक रुपले परिवारबाट काटिएको ठानिन्छ, किनकि उनीहरूका हिन्दु दाज्यू भाइ र दिदी बहिनीहरू अनुभव गर्दछन्, यो कार्य पुरानो जीवनबाट पूर्णतया काटिनु हो । धेरैपल्ट उनीहरू पानीमा बप्तिस्मा लिने आफन्तहरूलाई अस्वीकार गर्दछन् । उनीहरू तिनीहरूलाई परिवारबाट निकाल्न समेत सक्छन् । यसरी त्यो देशमा एउटा क्रिश्चियन हुनलाई चुकाउनुपर्ने एउटा वास्तविक मूल्य छ ।

पानीको बप्तिस्मा परमेश्वरप्रति आज्ञापालनको कार्य हो । बप्तिस्मा लिनेले आफ्नो जीवनमा परमेश्वरको जीवन परिवर्तित गर्ने शक्तिको गवाही दिँदै अरू विश्वासीहरूका सामुन्ने सार्वजनिक रुपमा बप्तिस्मा लिनु असल हुन्छ ।

**ख. पवित्र आत्मामा बप्तिस्मा**

येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई उनीहरूले पिताको प्रतिज्ञा प्राप्त नगरेसम्म यरुशलेममै प्रतीक्षा गर्दै बसिरहन भन्नुभयो । उनीहरूले पवित्र आत्मा प्राप्त गरेपछि उहाँले आफ्नो पुनरुत्थानको आइतबार राती नै उनीहरूमाथि सास फुकिसक्नुभएको थियो (यूहन्ना २०:२२) । अब उहाँ उनीहरूलाई पिताको प्रतिज्ञा पाउनको लागि बसिरहन भनिरहनुभएको थियो, ताकि उनीहरूले माथिबाट शक्ति प्राप्त गर्न सकून् (लूका २४:४९) । पवित्र आत्मा उनीहरूमा आउनुभएपछि उनीहरूले शक्ति पाउनेछन् भनी उहाँले प्रतिज्ञा गर्नुहुँदा हामी प्रेरित पहिलो अध्यायको पद ४ र ८ मा उस्तै आदेशहरू दिइएको देख्छौं ।

> ***"तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरुशलेममा, सारा यहूदीयामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ"*** (प्रेरित १:८) ।

येशू स्वर्गारोहण हुनुभएपछि थप दश दिन आज्ञाअनुसार उनीहरूले प्रतीक्षा गरे र त्यसपछि पेन्तिकोसको दिनमा पवित्र आत्माको शक्ति उनीहरूमाथि आयो र उनीहरूले अन्य भाषाहरूमा बोले । पत्रसले व्याख्या गरे, येशू ख्रीष्ट परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च पारिनुभयो, पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो र अहिले तिनीहरूले देखेका र सुनेका यो खन्याइदिनुभएको थियो (प्रेरित २:३३) ।

म पाठकहरूलाई *"हाउ टु रिसिभ दि ब्याप्टिज्म विथ दि होली स्पिरिट"* शिर्षकको मेरो पुस्तक पढ्ने सल्लाह दिन्छु, ताकि तपाईं परमेश्वरले दिनुहुने पूर्ण शक्तिमा आउन सक्नुहोस् ।

# ७
# नयाँ गरी जन्मनुको परिणाम

नयाँ गरी जन्मनुको अनुभवको फलस्वरुप धेरै परिणामहरू र प्रतिकृयाहरू हुनसक्छन्। हामी निम्न केही संकेततिर हेर्नेछौं,

**१. येशू ख्रीष्ट र स्वयम् परमेश्वरको सच्चाइ**

हामी परमेश्वर र येशू ख्रीष्टको सच्चाइको तात्कालिक निश्चयतामा आउनु पर्दछ । हामीसँग येशू ख्रीष्टद्वारा परमेश्वरलाई प्रार्थना गर्ने र हाम्रा प्रार्थनाहरू सुनिएका बुझ्ने दक्षता हुनुपर्दछ।

येशू ख्रीष्टलाई मेरो जीवन दिएको भोलिपल्ट आफ्नो वरिपरि हेर्दा मैले भेट्टाएँ, मैले त्यसअघि रुखहरूलाई त्यति हरियो, घाँसहरूलाई त्यति सुन्दर, चराचुरुङ्गीहरूले त्यस किसिमले गाएका कहिल्यै देखेको र सुनेको थिइनँ। मैले आकाश त्यति निलो कहिल्यै देखेको थिइनँ र मैले अकस्मात् अनुभव गरेँ, म नयाँ आँखाले पृथ्वीमा हेरिरहेको थिएँ। यो अनुभव मेरो लागि एउटा जीवित यथार्थ थियो।

हामी सबैले उस्तै अनुभव तुरुन्तै प्राप्त नगर्न सक्छौं, किनकि हामी सबैले भिन्न तरिकामा प्रतिकृया गर्नेछौं। तर मैले परमेश्वरलाई तत्काल प्रार्थना गर्न सकेको र येशू ख्रीष्ट धेरै वास्तविक हुनुभएको मैले भेट्टाएको छु। म विश्वास गर्दछु, यो नै कुनै विश्वासीको निम्ति अविलम्ब पूरा भएको बाह्य कार्य हुनुपर्दछ।

**२. हामी परमेश्वरको शान्ति अनुभव गर्नेछौं**

उहाँ क्रूसमा जानुपूर्व येशू ख्रीष्टले आफ्ना चेलाहरूसँग बोल्नुभएका अन्तिम वचनहरूका बीचमा यी शब्दहरू पनि थिए,

*“शान्ति म तिमीहरूसँग छोडिराख्छु । म आफ्नो शान्ति*

*तिमीहरूलाई दिन्छु । संसारले दिएजस्तो म तिमीहरूलाई दिँदिनँ । तिमीहरूको हृदय व्याकुल नहोस् र भयभीत नहोस्"* (यूहन्ना १४:२७) ।

आफ्नो पुनरुत्थानपछि उहाँले आफ्ना चेलाहरूलाई आइतबार राती बन्द कोठाभित्र भेट्नुहुँदा उनीहरूसँग भन्नुभएको प्रथम शब्दहरू यी थिए,

*"तिमीहरूलाई शान्ति ।" त्यसपछि उहाँले ती शब्दहरू दोहोर्‍याउँदै भन्नुभयो, "तिमीहरूलाई शान्ति । जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु"* (यूहन्ना २०:२१) ।

हामी परमेश्वरका आत्माबाट साँच्चै नयाँ गरी जन्मेपछि परमेश्वरको शान्ति हामीभित्र वास गर्दछ, अनि परमेश्वरसँग हाम्रो मिलाप भएको छ भनी हामी जान्दछौं । हाम्रा सारा पाप धोइएका छन् र परमेश्वरको शान्ति हामीमाथि छ ।

### ३. हामी नयाँ सृष्टि हौं भनी बुझ्दछौं

सबै पुराना कुराहरू बितिगएका छन् र सबै कुराहरू नयाँ भएका छन्,

*"यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ"* (२कोरिन्थी ५:१७) ।

हामी बोध गर्नेछौं, हामी ख्रीष्ट येशूमा नयाँ सृष्टि हौं । वास्तवमा सबै कुरा हाम्रा निम्ति नयाँ भएका छन् ।

### ४. परमेश्वरसित हामी मिलापमा आएका छौं भनी हामी बुझ्नेछौं

*"यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो, अर्थात स्वयम् ख्रीष्टमा हुनु भएर*

*परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदै हुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। यसकारण हामी ख्रीष्टका राजदूतहरू हौँ, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ। ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई विन्ती गर्दछौँ, कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ"* (२कोरिन्थी ५:१८-२०)।

परमेश्वरले हामीलाई मिलापका राजदूतहरू नियुक्त गर्नुभएको छ। त्यसैकारण हामीले गएर येशू ख्रीष्टबारे प्रचार गर्नुपर्दछ, मानिसहरूलाई उहाँकहाँ डोऱ्याउनु पर्दछ, ताकि उनीहरू परमेश्वरसँग मिलापमा आएका छन् भनी उनीहरूले बुझून्।

## ५. हामी परमेश्वरको निम्ति मात्र जिउन चाहन्छौँ

येशू ख्रीष्ट हामीभित्र वास गर्नुहुन्छ, हामीले परमेश्वरको वचनमा पढेअनुसार उहाँलाई र उहाँका आदेशहरू पालन गर्न चाहन्छौँ भनेर हामी वास्तवमा आत्मसात गर्नेछौँ।

*"म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइन, तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो"* (गलाती २:२०)।

## ६. बाइबल हाम्रा निम्ति यथार्थ बन्नेछ

यहाँ फेरि हामीले निर्णय गर्ने आफ्नो शक्ति प्रयोग गर्नुको साथै बाइबल पढ्ने निर्णय गर्नुपर्दछ। हामी जसै यसो गर्दछौँ, हाम्रो सहायता गर्न र उहाँको वचन हामीलाई खासगरी बुझाउन हामीले परमेश्वरलाई अनुरोध गर्नुपर्दछ। हामीले सिलसिला मिलाएर बाइबल पढ्न सुरू गर्नुपर्छ, ताकि समयको एउटा अवधिभित्र हामी यसलाई अद्योपान्त,

अर्थात सुरूदेखि अन्त्यसम्म पढौं । सुरूमा निरस देखिने अंशहरूमा पनि परमेश्वरले तीमाथि आफ्नो शक्ति र पवित्र आत्मा खन्याउनुभएको हामी पाउँछौं, ताकि हामी तिनलाई सजिलैसँग पढ्न सकिने भेट्टाऔं । बजारमा आजकाल धेरै असल बाइबलहरू छन्, ती आधुनिक अंग्रेजीमा लेखिएका छन् र बुझ्न सरल छन् ।

हामीमध्ये केहीले अनुभव गर्छौं, हामी बाइबललाई वास्तवमा हसुर्न चाहन्छौं, किनकि परमेश्वरले हामीलाई भन्नुभएका त्यति थुप्रै कुराहरू त्यसभित्र छन् । परमेश्वरले हामीभित्र उहाँको वचन पढ्ने भोक हालिदिनुहुन्छ, अनि हामीले त्यो भोकको आज्ञापालन गर्नुपर्छ र अरू कुराहरूलाई त्यसमा हस्तक्षेप गर्न दिनुहुन्न । व्यवहारको विषयको रुपमा मैले पाएको छु, दिनहुँ नयाँ करारका दुइ अंशहरूका केही निश्चित पृष्ठहरू पढ्नु, त्यसरी नै नयाँ करारमा सुसमाचारहरू र पत्रहरूबाट पढ्नु असल हुन्छ । नियमित रुपमा यसो गर्दा सम्पूर्ण पुरानो करार तीन महिनामा, चौध दिनमा सुसमाचारहरू र करीब एक्काइस दिनमा प्रेरितको पुस्तकदेखि प्रकाशसम्म म पढ्न सक्छु । यो अरूहरूका निम्ति एउटा नमूना नहुनसक्छ, तर यसो गरेर म विगत सत्र वर्षदेखि धेरै आशिषित भएको छु ।

तपाईं कति घण्टा टेलिभिजन र अरू चाखहरूमा खर्च गर्नुहुन्छ सावधानिपूर्वक विचार गर्नुहोस् । बाइबल पढ्नको लागि दिनको उत्तम समय दिनको सुरूमै हो, किनभने त्यसबेला तपाईं तरोताजा हुनुहुन्छ । तपाईंले परमेश्वरको वचन पढ्न दिनहुँ एउटा समय छुट्ट्याउनु र तपाईंको आत्मालाई त्यो वचन खुवाउनु महत्वपूर्ण हुन्छ ।

तपाईं नयाँ गरी जन्मनु भएपछि तपाईंको आत्मा जीवित हुन्छ । यसले अब परमेश्वरसित संगति चाहन्छ । यो अब उसो मरेको छैन र तपाईंको आत्माले परमेश्वरसित संगति गर्नसक्ने एउटा उपाय उहाँको वचन पढेर हो ।

तपाईंले बाइबल जति धेरैपल्ट पढे पनि तपाईं केही कुरा ताजा र आफ्नो निम्ति त्यसमा नयाँ कुराहरू पाउनुहुनेछ। डा. डेरेक प्रिन्सका "धर्मी जीवनका जगहरू" श्रृंखला पढ्नु पनि असल हुन्छ । किनकि तिनले परमेश्वरको वचन बुझ्नमा एउटा पक्का र असाधारण जग प्रस्तुत गर्दछन्।

# ८
# विश्वासीहरूसँग संगति

प्रेरित पावल आफूले प्रभुबाट पाएका र मण्डलीलाई सुम्पेका आदेशको गवाही दिन्छन् । आदेश हो, हामीले येशू ख्रीष्टको शरीरको प्रतिनिधित्व गर्ने रोटी खानु पर्दछ र उहाँको रगतमा भएको नयाँ करारको प्रतिनिधित्व गर्ने दाखको फल पिउनु पर्दछ,

*"किनकि प्रभुबाट मैले जे पाएँ, सो तिमीहरूलाई सुम्पिदिएँ, अर्थात जुन रात उहाँ पक्राउ पर्नुभयो, त्यो रात प्रभु येशूले रोटी लिनुभयो, र धन्यवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो र भन्नुभयो, "यो तिमीहरूका निम्ति मेरो शरीर हो । यो मेरो सम्झनाको निम्ति गर ।" त्यसैगरी खाएपछि उहाँले कचौरा लिएर यसो भन्नुभयो, 'यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो । जहिले जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर ।' किनभने जहिले जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ"* (१कोरिन्थी ११:२३-२६) ।

यसैकारण हाम्रा निम्ति नियमित रुपमा अरू विश्वासीहरूसँग एकसाथ भेला हुनु र येशू ख्रीष्टको यो आज्ञा पूरा गर्नु अनिवार्य हुन्छ ।

सुरूको मण्डलीले पनि यो आज्ञा पालन गरेको हामी पाउँछौं,

*"हप्ताको पहिलो दिनमा जब हामी रोटी भाँच्नलाई जम्मा भयौं, तब पावलले चाहिं भोलिपल्ट जाने इच्छा गरेका हुनाले तिनीहरूसँग मध्यरातसम्म बातचीत गरिरहे"* (प्रेरित २०:७) ।

सुरूको मण्डलीले हप्ताको पहिलो दिनमा परमेश्वरका थुमाको रुपमा उहाँको शरीर भाँचिएको र येशूको रगतको बगाइको सम्झना गऱ्यो।

हामी एकसाथ भेला हुन नछोडौँ भनी हामीलाई हिब्रूको पुस्तकमा पनि अर्ती दिइएको छ।

*"कति जनाको संगतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौँ । तर प्रभुको दिन नजिकै आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ"* (हिब्रू १०:२५)।

कोरिन्थीहरूलाई लेखेको पहिलो पत्र, खासगरी १२,१३ र १४ अध्यायहरूको हामीले जाँच गऱ्यौं भने हामी ख्रीष्टको शरीरका सदस्यहरू भएका छौं, यसकारण हाम्रा निम्ति एकसाथ भेला हुनु आवश्यक छ, ताकि पवित्र आत्माका वरदानहरू प्रयोग गर्न र पक्का तुल्याउन सकियोस् भनी हामी आत्मसात गर्नसक्छौं।

क्रिश्चियनहरूले गर्ने एउटा ठूलो भूल अरूहरूसँग संगति गर्न छोड्नु हो । उनीहरू मण्डली रुचाउँदैनन् वा यो उनीहरूका निम्ति पर्याप्त असल छैन, वा अन्य कुनै कारणवश उनीहरू संगति गर्न छोड्ने निर्णय गर्दछन् । त्यसपछि उनीहरू आफूलाई अहंकार र धोखाद्वारा शत्रुबाट आक्रमण हुन खुला राख्छन् । बाइबल हामीलाई एक अर्काको अधीनमा बस्न भन्छ,

*"त्यसैगरी जवान हो, बूढापाकाहरूका अधीनमा बस । एउटा अर्काको अधीनमा रहेर तिमीहरू सबैले नम्रताको वस्त्र धारण गर । किनभने, परमेश्वरले अहंकारीहरूको विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ"* (१पत्रस ५:५)।

येशूले आफूलाई असल गोठालो भनेर भन्नुभयो, त्यहाँ एउटै बगाल र एउटै गोठालो हुनेछ।

*"म असल गोठालो हुँ, म आफ्ना भेडाहरूलाई चिन्छु, अनि मेरा भेडाहरूले मलाई चिन्छन् । जसरी पिताले मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु, अनि म भेडाहरूका लागि आफ्नो प्राण अर्पण गर्दछु । मेरा अरू भेडा छन्, जो यस गोठका होइनन् । तिनीहरूलाई पनि मैले ल्याउनुपरेको छ, र तिनीहरूले मेरो सोर सुन्नेछन्, र तिनीहरू एउटै बगाल हुनेछन्, र एउटै गोठालो हुनेछ"* (यूहन्ना १०:१४-१६) ।

हामी बगालबाट हटेर बरालियौं भने मार्न, चोर्न र नष्ट गर्न आउने शत्रुको आक्रमणको लागि हामी आफूलाई खुला पार्नेछौं ।

मैले धेरै क्रिश्चियनहरू भेट्टाएको छु, जसले आफूहरू सदस्य रहेका मण्डलीको संगति छोडेका छन् र त्यस उप्रान्त उनीहरू कुनै अरू मण्डलीमा पनि सहभागी हुँदैनन् । तिनीहरूको क्रिश्चियन जीवन झन् झन् दुर्बल हुँदै जान्छ, र त्योभन्दा अझ खराब तिनीहरूमध्ये धेरैजना छलका धेरै रुपहरूको अधीनमा पर्न जान्छन् । मेरो आफ्नै जीवनमा म बुझ्दछु, पवित्र आत्माको डोऱ्याइमा हिँडडुल गर्नुमा मेरो सुरक्षा भनेको म उनीहरूका अधीनमा हुन्छु, जसले मलाई उनीहरूका सभामा बोल्न वा कुनै निश्चित क्षेत्रमा प्रचारकको हैसियतले बोल्न बोलाउँछन् र साथसाथै मेरो आफ्नै स्थानीय मण्डलीमा पनि मेरो संलग्नता हुन्छ । परमेश्वरले मलाई दिनुभएको सेवकाईको सन्दर्भमा कसैसँग बोल्ने केही कुरा छ भने म उसलाई ध्यान दिएर सुन्न सधैं सावधान हुन्छु । त्यो बोल्ने व्यक्ति बुढो वा जवान जेसुकै होस् । हामी सधैं केही कुरा सिक्न सक्छौं । मसँग मेरो आफ्नै मण्डलीमा भएको एउटा प्रमुख सुरक्षा परमेश्वरले अरूहरूमार्फत दिनुहुने प्रेम र बुद्धि हो ।

यसकारण, येशू ख्रीष्टलाई प्रभु र उद्धारकका रुपमा चिन्ने, परमेश्वरको वचनमा विश्वास गर्ने र यसैमाथि काम गर्ने मण्डलीमा संगति गर्नु हाम्रा निम्ति अनिवार्य छ ।

# ९
# विश्वास गर्नुको आनन्द

येशू ख्रीष्ट आफूलाई साँचो दाखको बोट, आफ्ना पितालाई हाँगा छाँट्ने किसान र हामीलाई फल फलाउने हाँगाहरू भनेर वर्णन गर्नुहुन्छ।

*"साँचो दाखको बोट म हुँ, र मेरा पिता किसान हुनुहुन्छ। ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन् बढी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ"* (यूहन्ना १५:१-२)।

त्यो फलको माझमा परमेश्वरको आनन्द हुन्छ।

*"मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस्"* (यूहन्ना १५:११)।

परमेश्वरको आनन्द आनन्दको एउटा विशिष्ट नमूना हुन्छ। यो पाप र यसको शक्तिबाट छुटकाराको र हामी परमेश्वरको मिलापमा आएका छौं भनी बुझ्नुको आनन्दको बोध हो।

हामी जसै नयाँ गरी जन्मनुको अनुभवमा वृद्धि हुँदै जान्छौं, पवित्र आत्माको फल हाम्रा जीवनमा वृद्धि हुन थाल्छ। यो तथ्य गलाती ५:२२-२३ बयान गरिएको छ,

*"तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन।"*

**१. हामी परमेश्वरका सन्तान हौँ भनी हामी बुझ्दछौँ**

हामी परमेश्वरका आत्माबाट नयाँ गरी जन्मेपछि हामी जान्दछौँ, हामी परमेश्वरका पुत्र (वा पुत्री) हौँ ।

*"किनभने सबै, जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन् र तिनीहरू नै परमेश्वरका सन्तान हुन् । किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ । यसैले जब हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकाछौँ, त्योचाहिँ हामी परमेश्वरका सन्तान हौँ भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो"* (रोमी ८:१४-१६) ।

हामी सन्तान हौँ भनी हामी पहिचान गर्दछौँ, किनकि परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभएको छ । हामी येशू ख्रीष्टद्वारा परमेश्वरका छोरा र छोरीहरूका रुपमा ग्रहण गरिएका छौँ ।

*"हामी पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो, जसले "हे अब्बा, पिता" भनेर पुकार्नुहुन्छ । यसैकारण, परमेश्वरद्वारा तिमी अब उप्रान्त दास होइनौ, तर पुत्र हौ, र पुत्र हौ भनेता उत्तराधिकारी पनि हौ"* (गलाती ४:६-७) ।

**२. हामी विजेता हुन्छौँ**

हाम्रा जीवनमा पापको शक्ति परास्त भएको छ ।

हामी परमेश्वरका आत्माबाट नयाँ गरी जन्मेपछि पवित्र आत्मा हामीभित्र आउनुहुन्छ । धर्मशास्त्र प्रष्टैसँग औँल्याउँछ, जो हामीमा हुनुहुन्छ उहाँ संसारमा हुनेभन्दा महान हुनुहुन्छ ।

*"मेरा साना बालकहरू, तिमीहरू परमेश्वरका हौ, र तिनीहरूमाथि विजयी भएका छौ । किनभने तिमीहरूमा हुनुहुने संसारमा हुनेभन्दा महान हुनुहुन्छ"* (१यूहन्ना ४:४) ।

आफ्ना जीवनमा पापमाथि विजयी हुने शक्ति हामीले पवित्र आत्माको सामर्थ्यबाट पाएका छौं । हामीले आफूलाई पापको लागि मरेका र परमेश्वरको लागि जीवित ठान्नुपर्दछ ।

*"यसैगरी तिमीहरूले पनि आफू आफूलाई पापको लागि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्दछ । यसकारण शरीरका अभिलाषाअनुसार चल्नु नपरोस् भनी तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ । आफ्ना शरीरका अंगहरू दुष्टताको साधनको रुपमा पाप गर्नलाई समर्पण नगर । तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अंगहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर । किनकि पापले तिमीहरूमाथि राज्य गर्नेछैन, किनकि तिमीहरू व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ"* (रोमी ६:११-१४) ।

### ३. छुटकारा

कहिलेकाहिँ हामीले पाप स्वभावलाई क्रूसमा टाँग्ने कोसिस गरे तापनि हामीभित्र अधीर, पीडादायी र दुष्ट कुनै कुरा अझै रहिरहन्छ । पवित्र आत्मा आएर हामीभित्र वास गरिरहनुभए पनि कुनै कुरोले अझै थिचोमिचो गरिरहेको हुनसक्छ । यसैकारण हामीलाई दुष्ट आत्माहरूबाट उद्धारको खाँचो पर्नसक्छ र हामीले त्यसैअनुसार यसको खोजी गर्नुपर्दछ । मैले मेरो पुस्तक *"डिमन्स डिफिटेड"* मा यस विषयमाथि बढी विस्तारमा चर्चा गरेको छु ।

### ४. गवाही दिने शक्ति

हामीले यसअघि नै भनिसकेका छौं, परमेश्वरका आत्माबाट एकपल्ट नयाँ गरी जन्मेपछि हामी येशू ख्रीष्टका साक्षीहरू हुन्छौं । त्यस

उप्रान्त हामी संसारमा जान र संसारलाई येशू ख्रीष्ट प्रचार गर्न डराउनु पर्दैन । हामी हाम्रा जीवनमा उहाँको भलोपन र क्षमादानबारे हाम्रा सारा मित्रहरूलाई गवाही दिन खुला हुनुपर्दछ । त्यसो गर्दा हामी निश्चय नै परमेश्वरको बुद्धिमा काम गर्दछौँ । उहाँले हामीलाई त्यो बुद्धि दिनुहुनेछ ।

येशू ख्रीष्टले हामीलाई संसारमा जान र अरूहरूलाई चेला बनाउन नियुक्त गर्नुभएको छ ।

*"तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, 'स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु"* (मत्ती २८:१८-२०) ।

परमेश्वरको सेवा गर्ने यो महिमामय अवसर हो । मैले अघि नै चर्चा गरेअनुसार, पवित्र आत्माको शक्तिमा पूर्ण रुपमा काम गर्नको लागि हामीले पवित्र आत्मामा बप्तिस्मा पाउनुपर्दछ ।

# १०
# हाम्रा जीवनमा अरू परिवर्तित पक्षहरू

जसै हामी परमेश्वरको वचन पढ्छौं र यसले हाम्रा जीवनमा ऐनाझैं काम गरेपछि धेरै परिवर्तनहरू हुन थाल्नेछन् । विशेष रुपमा हामी हाम्रा केही विचारहरू परमेश्वरका चालहरूबाट बिल्कुलै भिन्न भएका पाउनेछौं ।

**१. येशूले भन्नुभयो हाम्रो ज्योति मानिसहरूका सामुन्ने चम्कोस्**

***"यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरुन्"*** (मत्ती ५:१६) ।

हामीले हाम्रो ज्योतिलाई डालोमुनि होइन तर सामदानमाथि राख्नुपर्दछ ।

***"यसकारण हरेक जसले मानिसहरूका सामु मलाई स्वीकार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु । तर हरेक जसले मलाई मानिसहरूका सामुन्ने इन्कार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने इन्कार गर्नेछु"*** (मत्ती १०:३२-३३) ।

हामीले मानिसहरूका सामु येशू ख्रीष्टलाई स्वीकार गर्‍यौं भने उहाँले पनि हामीलाई परमेश्वर र स्वर्गदूतहरूका सामु स्वीकार गर्नुहुन्छ । अर्कोतिर, हामीले उहाँलाई मानिसहरूको सामु इन्कार गर्‍यौं भने उहाँले पनि हामीलाई परमेश्वर र स्वर्गदूतहरूका सामु इन्कार गर्नुहुन्छ ।

**२. हामीले अरूहरूसँग मिलाप नगरिकन प्रभु भोजमा सहभागी हुनुहुँदैन**

येशूले भन्नुभयो,

*"तिम्रो भेटी त्यही वेदीको सामु छोड, र जाऊ । पहिले आफ्नो भाइसँग मिलाप गर, र त्यसपछि आएर आफ्नो भेटी चढाऊ"* (मत्ती ५:२४) ।

हामीले विगतमा हानी पुऱ्याएका वा क्षमा गर्न असफल भएकाहरू धेरैकहाँ गएर हामीले मिलाप गर्नुपर्ने हुनसक्छ ।

**३. हामीले हाम्रो जीवनमा कामवासनालाई आउन दिनुहुँदैन**

येशूले भन्नुभयो, हामीले कुनै स्त्रीलाई कामवासनाको इच्छाले हेऱ्यौं भने हामीले हाम्रा हृदयमा अघिबाटै त्यो स्त्रीसँग व्यभिचार गरिसकेका छौं ।

*"तर म तिमीहरूलाई भन्दछु, जसले कोही स्त्रीलाई कामवासनको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ"* (मत्ती ५:२८) ।

**४. सम्बन्ध विच्छेद**

पति र पत्नी दुवै नयाँ गरी जन्मेपछि यस्तो विवाहमा विच्छेद हुनुहुँदैन । यसो गर्नु परमेश्वरविरुद्धको पाप हो । उहाँले क्षमा गर्नसक्नुहुन्छ र गर्नु पनि हुन्छ, तैपनि नयाँ गरी जन्मेका विश्वासीहरूका निम्ति विच्छेदमा संलग्न हुनु उहाँको आज्ञाको एकदमै विपरीत हो । यसको अर्थ हुन्छ, पाप विवाहमा पसेको छ ।

यदि तपाईं क्रिश्चियन हुनु अगाडि नै विवाह बन्धनबाट अलग भइसक्नुभएको छ भने तपाईंले परमेश्वरको क्षमादानको बोध गर्नुपर्दछ र तपाईं दण्डाज्ञामा हुनुहुनेछैन । नयाँ गरी जन्मेको आत्माले भरिएको विवाहमा विच्छेद हुनुहुँदैन, किनकि दुवै सहयोगीहरू परमेश्वरका साथ

हिँडिरहेका हुन्छन् । तर प्रष्ट छ, कुनै एक साझेदार परमेश्वरबाट तर्केर जानसक्ने र परिणाममा हिंसा र अरू कृयाकलापहरू हुनसक्ने अवस्थाहरू हुन्छन् । यसको अर्थ अर्को साझेदारले शारीरिक हिंसा वा अपव्यवहार सहनुपर्दछ भन्ने होइन ।

### ५. शपथहरू

हामीलाई शपथ नखान भनिएको छ ।

*"फेरि तिमीहरूले सुनेका छौ, कि प्राचीन समयका मानिसहरूलाई भनिएको थियो, "तैँले झूटो शपथ नखा, तर परमप्रभुको निम्ति गरिएको शपथ तैँले पूरा गर् ।" तर म तिमीहरूलाई भन्दछु, शपथ खाँदै नखाओ । स्वर्गको नाउँमा शपथ नखाओ, किनकि त्यो परमेश्वरको सिंहासन हो, नता पृथ्वीको, किनकि त्यो उहाँको पाउदान हो, नता यरुशलेमको, किनकि त्यो महाराजाको शहर हो । आफ्नो शिरको शपथ नखाऊ, किनकि तिमीले एउटा केशलाई सेतो कि कालो बनाउन सक्दैनौ । तिमीहरूले भनेको वचनचाहिँ "हो" भने 'हो', 'होइन' भने 'होइन' मात्र होस् । यीभन्दा बढीचाहिँ दुष्टताबाट आउँदछ"* (मत्ती ५:३३-३७) ।

कानूनी रुपमा कुनै कुराको पुष्टि गर्नुमा केही खराबी छैन, तर धर्मशास्त्रले शपथ खान दिँदैन । यो कुरा खास गरी फ्रिम्यासोनरी जस्ता सभाहरूमा लागू हुन्छ, जहाँ केही धेरै बलिया शपथहरू खाइन्छन् ।

### ६. हामीलाई अर्को गाला थापिदिन भनिएको छ

*"तर म तिमीहरूलाई भन्दछु, दुष्टको मुकाबिला नगर । जसले तिम्रो दाहिने गाला चड्काउला, त्यसलाई अर्को गाला पनि थापिदेऊ । यदि कोही मानिसले मुद्दा चलाएर तिम्रो दौरा लिने दाबी गर्छ भने, त्यसलाई तिम्रो खास्टो पनि दिइहाल । यदि कसैले तिमीलाई एक किलोमिटर जान*

*बाध्य गर्छ भने, उसँग दुइ किलोमिटर गइदेऊ । तिमीसँग माग्नेलाई देऊ, र तिमीसँग कर्जा लिन चाहनेलाई इन्कार नगर"* (मत्ती ५:३९-४२) ।

७. हामीलाई आफ्ना शत्रुहरूलाई प्रेम गर्न भनिएको छ

*"तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ । उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ । किनभने यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूलाई के इनाम छ ? के महसूल उठाउनेहरूले पनि त्यस्तै गर्दैनन् ?"* (मत्ती ५:४४-४६) ।

८. हामीलाई भनिएको छ, हामी मानिसहरूलाई देखाउनलाई धर्मकार्य नगरौँ, अनि गुप्तमा देख्नुहुने परमेश्वरले हामीलाई इनाम दिनुहुनेछ

*"होसियार बस, तिमीहरू मानिसहरूलाई देखाउनलाई धर्मकार्य नगर । नत्रता स्वर्गमा हुनुहुने तिमीहरूका पिताबाट तिमीहरूले केही इनाम पाउनेछैनौ । यसकारण जब तिमीहरू दान दिन्छौ, तब आफ्ना सामु तुरही नबजाओ, जस्तो पाखण्डीहरूले सभाघरहरू र सडकहरूमा मानिसहरूबाट प्रशंसा पाउनलाई गर्दछन् । साँच्चै म तिमीहरूलाई भन्दछु, तिनीहरूले आफ्ना इनाम पाइसकेका छन् । तर जब तिमी दान दिँदछौ, तिम्रो दाहिने हातले के गरिरहेछ सो देब्रे हातले थाहा नपाओस् । तिम्रो दान गुप्तमा होस्, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ"* (मत्ती ६:१-४)

**९. हामीलाई पाखण्डीहरूले गरेजसरी प्रार्थना नगर्न भनिएको छ**

सभाघरहरूमा र सडकहरूका कुनामा मानिसहरूले देखून् भनेर खडा भएर र व्यर्थका बरबराहट नगर्न ।

*"जब तिमी प्रार्थना गर्दछौ, तब पाखण्डीहरूजस्ता नहोओ, किनकि तिनीहरू सभाघरहरूमा र सडकहरूका कुनामा मानिसहरूले देखून् भनी खडा भएर प्रार्थना गर्न मन गर्दछन् । साँच्चै म तिमीहरूलाई भन्दछु, तिनीहरूले आफ्नो इनाम पाइसकेका छन् । तर तिमी जब प्रार्थना गर्दछौ, आफ्नो भित्री कोठामा पस, र ढोका थुनेर गुप्तमा हुनुहुने तिम्रा पितालाई प्रार्थना गर, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ । र प्रार्थना गर्दा अन्यजातिहरूजस्ता व्यर्थै नबरबराओ । किनभने धेरै शब्दमा बोल्दा तिनीहरूको सुनाइ हुन्छ भने तिनीहरू विचार गर्दछन्"* (मत्ती ६:५-७) ।

**१०. हामीलाई गुप्तमा उपवास बस्न भनिएको छ**

*"जब तिमीहरू उपवास बस्तछौ, तब पाखण्डीहरूजस्ता उदासी चेहरा नदेखाओ । किनकि मानिसहरूलाई उपवास बसेका देखाउनलाई तिनीहरू आफ्ना मोहडा अँध्यारा पार्छन् । साँच्चै म तिमीहरूलाई भन्दछु, तिनीहरूले आफ्ना इनाम पाइसकेका छन् । तर तिमीचाहिँ उपवास बस्दा आफ्नो शिरमा तेल लगाऊ, र आफ्नो मुख धोऊ र तिम्रो उपवास मानिसहरूले होइन, तर गुप्तमा हुनुहुने तिम्रा पिताले देखून्, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ"* (मत्ती ६:१६-१८) ।

**११. हामीले पृथ्वीमा धन सम्पत्ति थुपार्नु हुँदैन**

***"आफ्नो निम्ति पृथ्वीमा धन सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले ती नष्ट पार्छन् र जहाँ चोरहरूले घर फोरेर ती चोर्छन् । तर आफ्नो निम्ति स्वर्गमा धन सम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन, र चोरले पनि चोर्दैन । किनकि जहाँ तिम्रो धन हुन्छ, त्यही तिम्रो मन पनि हुन्छ"*** (मत्ती ६:१९-२१) ।

सर्वप्रथम परमेश्वरको राज्यको खोजी गर्ने काममा यी सब कुराहरूले थप बल दिन्छन् । हामीले नयाँ गरी जन्मेपछि र परमेश्वरको वचनमा विश्वास गरेपछि माथि उल्लेखभएका केही प्रबल परिवर्तनहरूले हाम्रा जीवनमाथि प्रभाव पारेका हामी पाउँदछौं ।

माथि वर्णन गरिएका येशूका आज्ञाहरू सम्झनुमा निश्चय नै तिनलाई पूर्णरुपमा बुझ्न हामी पवित्र आत्माबाट डोऱ्याइनुपर्दछ भनी जान्नुपर्दछ ।

***"किनभने सबै, जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्"*** (रोमी ८:१४) ।

येशूलाई नै परमेश्वरले हाम्रा बुद्धि बनाउनुभयो ।

***"परमेश्वर नै ख्रीष्ट येशूमा तिमीहरूका जीवनको स्रोत हुनुहुन्छ, ख्रीष्टलाई नै उहाँले हाम्रा बुद्धि, हाम्रा धार्मिकता र पवित्रता र हाम्रा उद्धार बनाउनुभयो"*** (१कोरिन्थी १:३०) ।

अनि पवित्र आत्माले हामीलाई हरेक परिस्थितिमा बुद्धि दिनुहुन्छ । उदाहरणको लागि, कसैले तपाईंसँग रुपियाँ माग्यो र उसले त्यो पैसा लगेर रक्सीमा खर्च गर्ने र पूरै खेर फाल्ने इच्छा गऱ्यो भने स्पष्ट छ, त्यस्तो स्थितिमा दिनुको बुद्धिप्राप्त गर्न तपाईं पवित्र आत्माको प्रतीक्षा गर्नुहुनेछ ।

निष्कर्षमा भन्नुपर्दा, नयाँ गरी जन्मेको, आत्माले भरिएको विश्वासीले परमेश्वरको वचन पालन गर्नुपर्दछ ।

*"तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ, किनभने यो लेखिएको छ, "तिमीहरू पवित्र होओ, किनभने म पवित्र छु"* (१पत्रस १:१५-१६)।

तर पवित्र आत्माको शक्तिले हामीलाई परमेश्वरको वचनबाट डोऱ्याउनेछ, अनि हामी यो माग पूरा गर्नसक्छौँ।

फरिसीहरूले येशूको परीक्षा गरिरहेका बेला उनीहरूले उहाँलाई व्यवस्थामा महान आज्ञा कुन हो भनेर सोधे।

येशूको जवाफ यो थियो,

*"उहाँले तिनलाई भन्नुभयो, 'तैँले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले र, आफ्नो सारा समझले प्रेम गर्नू। महान र प्रथम आज्ञा यही हो। दोस्रो पनि त्यस्तै छ, तैँले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू। सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्"* (मत्ती २२:३७-४०)।

यसपछि हामीले एक अर्कालाई प्रेम गर्नुपर्दछ भनेर येशूले एउटा नयाँ आज्ञा दिनुभयो।

*"एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु, तिमीहरू एक अर्कालाई प्रेम गर। तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक अर्कालाई त्यस्तै प्रेम गर"* (यूहन्ना १३:३४)।

माथिको धर्मशास्त्रीय पदले येशू ख्रीष्टद्वारा परमेश्वरका साथ हाम्रो हिँडडुलको निम्ति एउटा नयाँ जग प्रस्तुत गर्दछ।

# ११
# नयाँ गरी जन्मेको क्रिश्चियनका चिन्हहरु

**१. नयाँ गरी जन्मेको क्रिश्चियनले आदतकै रुपमा पाप गर्दैन**

हामीले पाप गर्‍यौं भने परमेश्वरले क्षमा गर्नुहुन्छ । तर हामी पापबाट अलग रहन भरमग्दूर प्रयत्न गर्नुपर्दछ। हामीले पाप गरेका छौं भने परमेश्वरको सामु हाम्रा पापहरू स्वीकार गर्नुपर्दछ।

*"यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ"* (१यूहन्ना १:९)

**२. येशू परमेश्वरबाट जन्मनुभएको ख्रीष्ट (मसीह) हुनुहुन्छ भनी नयाँ गरी जन्मेको क्रिश्चियनले विश्वास गर्दछ**

*"येशू नै ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर्ने हरेक परमेश्वरको बालक हो । जसले बाबुलाई प्रेम गर्छ उसले तिनको छोरालाई पनि प्रेम गर्छ"* (१यूहन्ना ५:१)।

**३. नयाँ गरी जन्मेको क्रिश्चियनले धार्मिक काम गर्दछ**

*"उहाँ धार्मिक हुनुहुन्छ भन्ने कुरा यदि तिमीहरूले जान्यौ भने यो कुरा तिमीहरूलाई निश्चय होस्, कि धार्मिक काम गर्ने हरेक परमेश्वरबाट जन्मेको हुन्छ"* (१यूहन्ना २:२९)।

**४. नयाँ गरी जन्मेको क्रिश्चियनले दाज्यू भाइहरूलाई प्रेम गर्दछ**

यसको अर्थ एक अर्काको लागि हाम्रो जीवन अर्पण गर्नु हो, जसरी येशू ख्रीष्टले आफ्नो जीवन हाम्राखातिर अर्पण गर्नुभयो।

*"हामी जान्दछौँ, कि हामी त मृत्युबाट पार भएर जीवनमा सरिसकेका छौँ, किनभने हामी आफ्‍ना दाज्यू भाइहरूलाई प्रेम गर्छौं । जसले प्रेम गर्दैन त्यो मृत्युमा रहिरहन्छ"* (१यूहन्ना ३:१४) ।

*"तिमीहरूले सुरूदेखि नै सुनेको सन्देश यही हो, "हामीले एउटा अर्कालाई प्रेम गर्नुपर्छ"* (१यूहन्ना ३:११) ।

हाम्रा वरिपरिका प्रत्येक कुरा परिवर्तन हुनसक्छन्, संसार परिवर्तन हुनसक्छ, तर परमेश्वरको वचन कहिल्यै परिवर्तन हुँदैन ।

**५. नयाँ गरी जन्मेको क्रिश्चियन विजेता हुन्छ**

उसले संसार र यसका आक्रमणमाथि विजय प्राप्त गर्दछ । उसले संसार र यसका अभिलाषाहरूलाई आफूमाथि विजयी हुन दिँदैन ।

*"किनकि परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि विजय प्राप्त गर्छ, र संसारलाई जित्ने विजय हाम्रो विश्वास हो"* (१यूहन्ना ५:४) ।

**६. नयाँ गरी जन्मेको क्रिश्चियनले आफूलाई शुद्ध राख्छ**

उसले जानी जानी पाप गर्दैन र आफ्‍ना प्रत्येक विचार र काममा होसियार हुन्छ ।

*"परमेश्वरबाट उत्पन्न भएको कसैले पनि पाप गरिरहँदैन, तर परमेश्वरका पुत्रले त्यसलाई सुरक्षित राख्नुहुन्छ, र दुष्टले त्यसलाई छुँदैन"* (१यूहन्ना ५:१८) ।

यदि हामीले पाप गर्‍यौं भने हामी उद्धारको लागि परमेश्वरको नाउँ पुकार्न सक्छौं ।

*"किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ"* (रोमी १०:१३) ।